म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १८० | आइतबार, २७ माघ २०८१ | ने. सं. ११४५ सिल्लाथ्व | 9 February 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चितवनमा बस दुर्घटना, २३ जना घाइते

चितवन, २६ माघ/नेपालगञ्जबाट काठमाडौं आउँदै गरेको बस नारायणगढ-मुग्लिन सडकखण्डमा दुर्घटनामा परेको छ । दुर्घटनामा २३ जना घाइते भएका छन् । लु प्र ०३-००१ ख ००७७ नम्बरको बस आज बिहान साढे ४ बजे नारायणगढ-मुग्लिन सडकखण्डको सेतीदोभान पुलबाट खसेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय मुग्लिनकी प्रमुख प्रहरी निरीक्षक निरला भण्डारीले बस दुर्घटनामा बसमा सवार २८ जनामध्ये २३ जना घाइते भएको जानकारी दिए । उनका अनुसार घाइतेको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ । अन्य यात्रु सकुशल छन् । 'टायर पञ्चर' हुँदा बस अनियन्त्रित भएर दुर्घटनामा परेको हुनसक्ने प्रहरी निरीक्षक भण्डारीले जानकारी दिए ।

# प्रदेशसभामा मकवानपुरका सांसदले आफ्नो निर्वाचन क्षेत्रको के विषय उठाए ?

साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ २ दशकदेखि नसुल्झिएको हेटौंडा बजारको मुख्य सडक दायाँबायाँ २५-२५ मिटर विस्तारको विषय बागमती प्रदेशसभाको बैठकमा उठेको छ । प्रदेशसभाको पाचौं अधिवेशनको शनिवार भएको तेस्रो बैठकमा सांसदहरुले आ-आफ्ना निर्वाचन क्षेत्रका विषय उठाउने बेलामा हेटौंडाको सडक विस्तारको विषय पनि निस्किएको हो ।



सांसद तथा पूर्वमन्त्री एकालाल श्रेष्ठले हेटौंडा बजारको मुख्य सडक विस्तारको काम अगाडि बढेकाले कसैलाई सुकुम्बासी बनाउन नपाउनेतर्फ सरकारको ध्यानाकर्षण गराए । उनले सडक क्षेत्रमा रहेका घरधनीहरुले १६-१६ मिटर सडक विस्तार गर्दा आफैं घर भत्काएर सहजीकरण गर्ने बताएको सदनलाई जानकारी गराए । २५-२५ मिटर सडक विस्तारको सबालमा उनले बाइपास सडक बनाएर जान सकिने विकल्प प्रस्तुत गरेका छन् ।

१६ मिटरसम्म सडकको मुआब्जा वितरण गर्ने सहमति भए पनि, सडक विस्तार प्रक्रिया अघि बढिरहेको अवस्थामा मुआब्जाको सुनिश्चितता गर्न सरकारलाई अनुरोध गरे । 'यदि मुआब्जा सुनिश्चित गर्न नसकिने हो भने बजार क्षेत्रको सडकलाई बाईपास गरेर लैजान प्रदेश सरकारको ध्यानाकर्षण गराउँदछु ।' उनले भने । हेटौंडाको १२, १३, १४ र १५ नम्बर वडाबासी जंगली जनावरको आक्रमणबाट त्रसित भएको उनले बताए । वन्यजन्तु नियन्त्रणका लागि सम्बन्धित निकायले ध्यान दिनुपर्ने श्रेष्ठले माग राखे ।

बैठकमा मकवानपुरकी सांसद तथा पूर्वमन्त्री कुमारी मोक्तानले हेटौंडा काठ्माडौं जोड्ने सडकले अझै पूर्णता नपाएको बताइन् । उनले प्रदेश सरकारका मन्त्री र सांसदहरु आवतजावत गर्ने सडकको निर्माण कार्य सम्पन्न गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराइन् । सांसद मोक्तानले गत असोज ११ र १२ गते गएको बाढीका कारण मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकामा सञ्चालित एन्फा एकेडेमीमा अध्ययनरत ६ जना विद्यार्थीको पहिरोले पुरेर ज्यान जाँदासमेत सरकार टुलुटुलु हेरेर बसेको आरोप लगाइन् ।

इन्द्रसरोबरमा एकेडेमी लगेर राख्नुको कारण छानबिन गर्नुका साथै अन्तरराष्ट्रिय खेल मापदण्डअनुसार छ कि छैन सञ्चालन भएको छ कि छैन छानबिन गर्नुपर्ने मृतक परिवारको माग रहेको र यसतर्फ सरकारले ध्यान दिन जरुरी रहेको बताइन् । साथै मृतक विद्यार्थीहरुको स्मृतिमा कोष खडा गर्न र देशभर खेलाडीहरुको सम्मान गर्न राखेको मागअनुसार मृतकका परिवारलाई प्रदेश सरकारले २ लाख दिने भनिए पनि हालसम्म नदिएकोमा सांसद मोक्तानले प्रश्न उठाइन् ।

मकवानपुरका अर्का सांसद प्रेमबहादुर पुलामीले जिल्लाको बागमती र बकैया गाउँपालिकाका वडामा धेरै झोलुंगे पुलमा क्षति हुँदा जनतालाई आवतजावतमा समस्या भएको बताए । पुलहरु बांगिएर आवतजावत गर्न समस्या हुँदासमेत प्रदेश सरकार आँखा बन्द गरेर बसेको उनको आरोप थियो । बागमती प्रदेश नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले संसदमा मन्त्री र सांसदहरुको उपस्थिति न्यून देखिएको बताए ।

बैठकमा सांसद लक्ष्मी घिमिरे, गंगानारायण श्रेष्ठ, गिता गुरुङ, क्षेत्रबहादुर बम्जन, माया श्रेष्ठ, यमुनादेवी श्रेष्ठ, रमेशकुमार महत, मातृकाप्रसाद भट्टराई, शान्ता ढकाल, शुष्पा भुजेल न्यौपाने, सुना परियार र शुरेस श्रेष्ठले निर्वाचन क्षेत्रका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका थिए ।

यसैगरी, प्रदेशसभा बैठकले संशोधनका लागि आएको ४ वटा विधेयक विषयगत समितिमा दफावार छलफलको लागि पठाएको छ । बैठकले प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रादशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई पर्यटन तथा वातारण समितिमा पठाइएको छ ।

मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाबाट फिर्ता आएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाएको हो । बैठकबाट प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको छ । सभामुख भुवन पाठकका अनुसार प्रदेशसभाको अर्को बैठक सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको छ ।

# जनकपुरका अधिकांश निजी अस्पताल गैरकानुनी सञ्चालन

जनकपुरधाम, २६ माघ/ जनकपुरधामका अधिकांश निजी अस्पताल गैरकानुनी रूपमा सञ्चालन भइरहेको पाइएको छ । जनकपुरधामको मुजेलियादेखि भ्रमरपुराचोकसम्मका अधिकांश निजी अस्पताल गैरकानुनी सञ्चालन भएको पाइएको हो ।



उपचारमा गम्भीर लापरबाही बढेको गुनासो लगातार आएपछि मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहले शनिबार एकैदिन जनकपुरधामका २० वटा अस्पतालको अनुगमन गरेका थिए । अनुगमनको क्रममा अधिकांश अस्पताल दर्ता बिना नै सञ्चालन भएको तथा दर्ता भएकाहरू पनि मापदण्डविपरीत सञ्चालनमा रहेको पाइएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ ।

मुख्यमन्त्रीले शनिबार जीवनज्योति हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, बिएन हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, जनकपुर सीता हस्पिटल प्रालि, जनकपुर ग्रान्डी हस्पिटल प्रालि, रामा मेमोरियल हस्पिटल एन्ड रिसर्च सेन्टर, मल्टी स्पेसयलिटी हस्पिटल एन्ड ट्रमा सेन्टरको अनुगमन गरेका थिए ।

यस्तै, समर हस्पिटल, केयर मेडिकल सेन्टर प्रालि, नेपाल एपोलो हस्पिटल प्रालि, श्रीराम हस्पिटल प्रालि, नयना अस्पताल एन्ड प्रालि, अरमान हस्पिटल प्रालि, मिहिलाल इन्टरनेसनल प्रालिमा पनि मुख्यमन्त्रीले छड्के गरेका थिए । अनुगमनकै क्रममा मुख्यमन्त्री सिंह सहयोग हस्पिटल प्रालि, जनकपुर मोडर्न हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, माँ गायत्री मेमोरियल हस्पिटल प्रालि, म्याक्स हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, स्वस्तिका हेल्थकेयर अस्पताल प्रालि, लाइफ केयर एन्ड रिसर्च सेन्टर प्रालि र ओम दीर्घायु हस्पिटल प्रालि पनि पुगेका थिए ।

कानुन अनुसार संघ, प्रदेश र स्थानीय सरकारबाट स्वीकृति नलिई सञ्चालन भइरहेको अस्पताल तत्काल बन्द गर्न मुख्यमन्त्रीले निर्देशन दिएका छन् । जनशक्ति, भौतिक पूर्वाधार, उपकरण, सरसफाइ लगायतका मापदण्ड पूरा नगरी जनकपुरधाममा बग्रेल्ती खोलिएको पाइएपछि मुख्यमन्त्रीले आइतबारसम्ममा आफैंले ताल्चा लगाउन अस्पताल सञ्चालकहरूलाई निर्देशन दिए ।

मुख्यमन्त्री सिंहले अनाधिकृत तवरले खेलिएका तथा स्वीकृतिप्राप्त गरे पनि मापदण्ड सम्बन्धी शर्त पूरा गरेको अवस्थामा नदेखिएका अस्पतालका सञ्चालकहरूलाई सबै कागजपत्र लिएर आइतबार सरकारको सम्पर्कमा आउन निर्देशन दिएका छन् ।

उनले स्वीकृतिप्राप्त तर नवीकरण नभएका, स्वीकृति प्रक्रियामा रहेका र स्वीकृतिबिनै सञ्चालनमा रहेका अस्पताललाई वैधता प्राप्त गरेर मात्र सेवा सञ्चालन गर्न चेतावनीसमेत दिएका छन् । 'स्वीकृति नलिई मनपरी अस्पताल सञ्चालन गर्न पाइँदैन । स्वीकृति लिनुस्, चलाउनुस् । होइन भने बन्द गर्नुस्,' अनुगमनक्रममा उनले अस्पताल सञ्चालकहरूलाई भने, 'दर्ता छैन भने आइतबारसम्म अस्पतालका बिरामी अन्य स्वाथ्य उपचार सेवामा सारेर आफैंले बन्द गर्नुस् । अन्यथा, हामी सरकारी टोली परिचालन गरेरै बन्द गराउनेछौं ।'

मुख्यमन्त्री सिँहले अवैध अस्पताल सञ्चालन गर्ने सञ्चालकसँगै कार्यरत कर्मचारीसमेतलाई कारबाही गरिने बताए । मुख्यमन्त्री सिँहले निजी अस्पतालका लागि लिइएको स्वीकृति कागजातलगायत दस्ताबेज, मापदण्डअनुसार जनशक्तिको संख्यात्मक उपलब्धता र खटनपटन, स्वास्थ्य उपकरण, सेवाको उपलब्धता र गुणस्तर र भौतिक संरचनाबारे जानकारी लिएका थिए ।

मुख्यमन्त्रीको अनुगमन टोलीमा प्रदेश सरकारका प्रमुख सचिव मदन भुजेल, स्वास्थ्य तथा जनसँख्या मन्त्रालयका निमित्त सचिव राजेशकुमार मिश्र र सोही मन्त्रालयका जनस्वास्थ्य अधिकृत एवम् अस्पताल अनुगमन समितिका सदस्यसचिव सन्तोषकुमार ठाकुर लगायत सहभागी थिए ।

अनुगमन टोलीका सदस्य एवम् जनस्वास्थ्य अधिकृत ठाकुरले इमरजेन्सी, फार्मेसी, बहिरङ्ग तथा अन्तरङ्ग कक्ष, ल्याब, एक्सरे, प्रसूतिकक्ष, शल्यक्रिया कक्ष, सघन उपचार कक्ष, नवजात शिशु सघन उपचार कक्ष, अस्पतालबाट निस्किने फोहोर विसर्जन गर्ने प्रक्रिया लगायत विषयमा अनुगमन गरिएको जानकारी दिए ।

# बेलायतमा नेपालीले किने पौने दुई अर्बको बिजनेश प्रोपर्टी

काठमाडौं, २६ माघ/ 'मसँग यो ठूलो परियोजनामा काम गरेकोमा मेरो सम्पूर्ण टोलीलाई धन्यवाद । हाम्रो लागि यो अहिलेसम्मकै ठूलो उपलब्धि हो । मलाई यो नयाँ उद्यममा साथ दिनु भएकोमा सबै साथीहरू र परिवारलाई धन्यवाद । आगामी दिनका लागि म थप उत्साहित छु, यहाँभन्दा अझ अगाडि र अझ माथि ।'

बेलायतमा रहेको पीआरएन इन्भेस्टमेन्ट लिमिटेडका संस्थापक निर्देशक पुरन गिरीले केही घण्टाअघि सामाजिक सञ्जालमार्फत् यसरी आफ्नो खुसी पोखे । खुसी हुनुको कारण पनि ठूलै छ । बेलायतजस्तो ठाउँमा उनको नेतृत्वको टिमले निकै ठूलो व्यावसायिक यात्रा अघि बढाएको थियो । हो, उनी र उनको टिमले बेलायतको अल्डरसटमा झन्डै पौने दुई अर्ब रुपैयाँको लागतमा सपिङ मलसहितको भव्य प्रोपर्टी खरिद गरेपछि गिरीले यस्तो खुसी व्यक्त गरेका हुन् ।

अल्डरसटको वेलिङ्टन सपिङ सेन्टर र त्यसआसपासको प्रोपर्टी १० मिलियन पाउन्ड अर्थात् नेपाली एक अर्ब ७३ करोड ८४ लाख (शनिबारको विनियमदर अनुसार)मा पीआरएन इन्भेष्टमेन्ट लिमिटेडले खरिद गरेको हो । नेपाली उद्यमीहरूले बेलायतमा खरिद गरेको यो नै अहिलेसम्मको ठूलो प्रोपर्टी मानिएको छ ।

नेपाली जनसंख्या उल्लेख्य रहेको अल्डरसटमा यो प्रोपर्टी एल एन्ड सी इन्भेस्टमेन्ट लन्डन एन्ड क्यामब्रिजको नाममा थियो । शुक्रबारबाट भने यसको स्वामित्तव पीआरएन इन्भेष्टमेन्ट लिमिटेडको नाममा आएको छ ।

पीआरएन इन्भेष्टमेन्ट लिमिटेड टिममा पुरनसँगै राजकुमार गुरुङ, नारायण गिरीलगायत पनि छन् । केही सञ्चारमाध्यमले जनाएअनुसार सन् २०१५ मा एम्पायर हल र सन् २०२२ देखि सुसी मोटो सञ्चालन गर्दै आएका गिरीसँग प्रोपर्टी र हस्पिटालिटीमा लामो अनुभव छ । बेलायतमा नेपालीको पहिलो ट्याक्सी बिजनेश गिरीले नै सुरु गरेका थिए । उनी त्यतिमा मात्र रोकिएनन् । आफूसँगै उद्यममा रुचि राख्ने अन्य केही नेपाली व्यवसायीसँग मिलेर उनले निकै ठूलो सम्भावनातिर अग्रसरता देखाएका छन् । यो प्रोजेक्टका कारण धेरै नेपालीले रोजगार पाउने सम्भावना पनि रहेको उनी स्वयं बताउँछन् ।

अल्डरसट टाउनको मेन सपिङ मल वेलिङटन सेन्टरमा ५६ वटा विजनेश युनिट, सँगै जोडिएको भिक्टोरिया हाउस ९९ तले अफिस भवन जसलाई इन्टरप्राइजहरूको हेडक्वार्टर मानिन्छ० र युनियन स्ट्रिटमा ६ वटा फ्रि-होल्ड भवन खरिद गरिएको पीआरएन इन्भेस्टमेन्ट लिमिटेडका संस्थापक निर्देशक गिरीले जानकारी दिए ।

सपिङ मलका एउटै युनिट ४० हजार स्क्वायर फिटसम्म छन् । स्पेकसेभर, म्याकडोनाल्डस, सबवे, जेडी स्पोर्टस्, पिकअक, नेसनवाइड बैंक, पोस्ट अफिस, बुट्स, जिमखाना लगायत रिटेल छन् । यस्तै, पाँच सय क्षमताको कार पार्क छ । यसलाई व्यवसायी गिरीले व्यावसायिक जीवनको सबैभन्दा ठूलो 'स्टेप' को रूपमा लिएका छन् । त्यसो त उनी अल्डरसटकै प्रतिष्ठित एम्पायर हल सञ्चालक पनि हुन् ।

# बजेट खर्चमा उद्योग मन्त्रालय सबैभन्दा सुस्त, परराष्ट्र अगाडि

काठमाडौं, २६ माघ/ चालु आर्थिक वर्ष (आव) २०८१/८२ पहिलो ६ महिनामा मन्त्रालयहरूको बजेट खर्चको गति तुलना गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सबैभन्दा सुस्त देखिएको छ । सबैभन्दा अगाडि भने परराष्ट्र मन्त्रालय देखिन्छ । परराष्ट्रले वार्षिक लक्ष्यको ५० प्रतिशत बजेट खर्च गर्दा उद्योगले भने ६ महिना (साउन-पुस) मा जम्मा ७.६२ प्रतिशतमात्र खर्च गरेको छ ।

उद्योग मन्त्रालयले एक वर्षमा खर्च गर्न ८ अर्ब ४ करोड १६ लाख रुपैयाँ बजेट पाएको छ । पुस मसान्तसम्म यो मन्त्रालयले मात्र ६१ करोड ३० लाख खर्च गर्न सकेको छ । उता, परराष्ट्र मन्त्रालयले यस वर्षका लागि ६ अर्ब ७९ करोड रुपैयाँको लक्ष्य पाएकोमा ३ अर्ब ४३ करोड खर्च गरिसकेको छ । २० प्रतिशतभन्दा पनि कम बजेट खर्च गर्ने अन्य मन्त्रालयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (१४.०८ प्रतिशत), संघीय मामिला तथा सामान्य प्रशासन (१२.७४), युवा तथा खेलकुद (१७.८७), महिला, बालबालिक तथा ज्येष्ठ नागरिक मन्त्रालय (१७.६१ प्रतिशत) छन् ।

### विकासे अड्डा नै खर्च गर्न कमजोर

अर्थ मन्त्रालयका अनुसार चालु आव ६ महिनामा विकासे मन्त्रालयहरूकै खर्च दयनीय देखिन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ६ महिनामा लक्ष्यको २३.५९ प्रतिशतमात्र बजेट खर्च गरेको देखिन्छ । यो मन्त्रालय सबैभन्दा धेरै विकासे बजेट भएको मन्त्रालय हो ।

त्यस्तै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ६ महिनामा २०.११ प्रतिशत बजेट खर्च गरेको छ । सहरी विकास मन्त्रालयको बजेट खर्च ११.२० प्रतिशतमात्र छ । यो मन्त्रालय समेत धेरै विकास बजेट 'होल्ड' गर्ने मन्त्रालय हो । खानेपानी मन्त्रालय अर्को विकासे अड्डा हो । यसले पनि १६.११ प्रतिशतमात्र बजेट खर्च गर्न सकेको छ ।

### धेरै बजेट खर्च गर्ने निकाय कुन हुन् ?

यसबीच प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३३.२३ प्रतिशत बजेट खर्च गरेको छ । अर्थ मन्त्रालय आफैंले भने २२.७१ प्रतिशतमात्र बजेट खर्च गरेको छ । शिक्षा, गृह, रक्षा, स्वास्थ्य मन्त्रालय पनि ६ महिनामा धेरै बजेट खर्च गर्ने मन्त्रालयमा पर्छन् । यिनले क्रमश: ४३.२५, ४१.४१, ४६.३९ र ३२.५६ प्रतिशत बजेट खर्च गरेका छन् ।

त्यस्तै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २७.९० प्रतिशत, कृषि तथा पशुपन्छी विकासले ३०.२३ र कानुन, न्याय तथा संघीय मामिला मन्त्रालयले ३२.५४ प्रतिशत बजेट खर्च गर्न सफल भएको अर्थ मन्त्रालयको तथ्यांक छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको बजेट खर्च २८.७८ प्रतिशत र भूमि व्यवस्थाको ३५.२३ प्रतिशत रहेको देखिन्छ ।

### किन बढ्न सकेन सार्वजनिक खर्च ?

अर्थ मन्त्रालयका अनुसार बजेट तर्जुमा गर्दा पूर्वतयारी पूरा भएका आयोजनामा मात्र विनियोजन हुन नसक्दा बजेट खर्च अपेक्षित बढ्न नसकेको हो ।

वन क्षेत्र उपयोग, आयोजना स्थलको जग्गाप्राप्ति, मुआब्जा निर्धारण र वितरण, क्षतिपूर्ति लगायत प्रक्रिया पूरा नभएका आयोजनामा समेत बजेट विनियोजन गर्ने प्रवृत्ति विद्यमान रहेका कारण सार्वजनिक खर्च बढ्न नसकेको अर्थ मन्त्रालयको भनाइ छ ।

आयोजना निर्माण गर्ने मोडालिटी, कुल लागत, विस्तृत आयोजना प्रतिवेदन र आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक तथा भौगर्भिक पक्षको वस्तुगत विश्लेषण एवं मूल्यांकन गरी बजेट प्रस्ताव गर्न नसकेका कारण बजेट कार्यान्वयन कार्ययोजनाको परिपालना हुन नसक्नुलाई अर्को कारण मानिएको छ ।

स्रोत सुनिश्चित भएका आयोजनामा न्यून बजेट प्रस्ताव गर्ने र प्राप्त बजेट सीमाबाट नयाँ आयोजना प्रस्ताव गरी आयोजनाको संख्या बढाउँदै जाँदा सिर्जित दायित्व भुक्तानीमा समस्या आउनुका साथै अधुरा आयोजना बढ्न गई समग्र खर्च व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको अर्थले उल्लेख गरेको छ ।

संविधानको परिकल्पना अनुसार तीनै तहका सरकारबीच पर्याप्त समन्वय र सहकार्य हुन नसक्दा सामाजिक सुरक्षाका कार्यक्रम, कतिपय अनुदानका कार्यक्रम र विकास आयोजनाहरू समेत दोहोरो पर्न गई खर्चको प्रभावकारिता एवं स्रोतको समन्यायिक वितरणमा समेत नकारात्मक असर पर्न गएको अर्थको विश्लेषण छ ।

(स्रोत: अनलाइनखबर)

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# जङ्कफुडको प्रयोगमा न्यूनीकरण गरौं

जसले क्षणिक स्वाद र सन्तुष्टि प्रदान गर्दछन् । आकर्षणका लागि विभिन्न किसिमका रङ, रसायन, टेष्टमेकर राखी बनाइएका खाद्य, पेयपदार्थहरुले स्नायु प्रणालीमा असर गर्ने हुँदा मानिसमा त्यस्ता खाद्यपदार्थलाई मानसिकरुपमा नै स्वीकार गर्ने अवस्थामा पुग्दछन् । पछिल्लो समय नेपालीहरुमा जङ्कफुडको जोखिम बढ्दो छ । एकपटक प्रयोग गरेपछि पटकपटक खाइरहन चाहन्छन् । त्यस्ता खाद्य पदार्थमा सस्तो मूल्यमा पाइने कमसल किसिमका बिस्कुट, चाउचाउ, पिज्जा, हट्डग्स, चिसो पेयपदार्थहरु, सस्ता जुसहरु, आइसक्रिम, कुल्फी, सस्ता चकलेट, चुइगम, टफी, माँडा, चटपट, पानीपुरी, तितौरा, पाउँ, दुनट, रेडिमेड चिप्स आदि पर्दछन् ।

शरीरका लागि आवश्यक पर्ने पौष्टिक तत्व भिटामिन, मिनरल, फाइवर आदि नगन्य मात्रामा हुने जङ्कफुड अस्वस्थकर, पच्न कठीन हुने चिल्लो पदार्थ, अधिक मात्रामा नुन र स्वास्थ्यमा हानि पुर्‍याउने किसिमका गुलियो पदार्थ मिश्रण गरी बनाइएको हुन्छ । पटक-पटक खाइरहँदा बानी लाग्ने किसिमका कृत्रिम स्वाद, मन्द नशायुक्त पदार्थ मिसावट गरिएका जङ्कफुडका कारण बालबालिका तथा किशोरकिशोरीमा कुपोषण बढ्दै जानुले भविष्यमा गम्भीर परिणाम निम्त्याउन सक्छ । बालबालिकालाई जङ्कफुडबाट टाढा राख्न अभिभावक तथा विद्यालयहरुले समयमै ध्यान पुर्‍याउनु आवश्यक छ । भान्सामा बनाउन पर्ने झन्झटकै कारण अभिभावकले बालबालिकालाई स्कुल खाजाको रुपमा चाउचाउ र बिष्कुटलाई अनिवार्यजस्तै बनाएका छन् । आकर्षक प्याक र स्वादमा आउने जङ्कफुडप्रति बालबालिका छिट्टै आकर्षित हुने भएपनि ती खाद्यवस्तुको गुणस्तरबारे न अभिभावकले चासो देखाएका छन्, न त सरकारी निकायको आँखा नै परेको छ । जङ्कफुडको बढ्दो प्रयोगले बालबालिकामात्रै होइन, वयस्क र वृद्धवृद्धाको स्वास्थ्यमा समेत गम्भीर खेलवाड भइरहेको छ । बढ्दो जङ्कफुडको प्रयोगले शहरी क्षेत्रका किशोरकिशोरीमा कुपोषणको समस्या बढ्दै गएको छ ।

जे मन लाग्यो त्यही खाने, पौष्टिक तत्व नभएको खाना खाने, जङ्कफुड तथा प्याकिङ गरिएका खानेकुराको अधिक प्रयोगले किशोर किशोरीमा कुपोषणको समस्या देखिएको एक अध्ययनले जनाएको छ । जङ्कफुडको प्रयोग बढ्दै जाँदा गाउँघरमा पाइने नेपाली मौलिक र अर्गानिक खानेकुरा हराउँदै गएका छन् । गाउँघरका खेतबारी बाँझै राखेर आयातित खाद्यान्नमा हामी परनिर्भर हुँदै गएका छौं । गाउँमा ढिँडो र आँटो खानेको संख्या घट्दै जाँदा सुविधासम्पन्न शहरमा स्वाद फेर्नका लागि ढिँडो खोज्दै हिड्नुपर्ने अवस्था सिर्जना भएको छ । बजारमा आएका जङ्कफुडका कारण बालबालिकाले कोदो/फापरको रोटी र भुटेका मकैको स्वाद भुलिसकेका छन् । त्यसैले मानव स्वास्थ्य प्रबर्द्धन गर्न र घरेलु खाद्य पदार्थको प्रयोग बढाउन जङ्कफुड न्यूनीकरण अपरिहार्य भइसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ २८ गते सोमबार १० फेब्रुअरी २०२५ । त्रयोदशी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:४७, सूर्यास्त ५:५०।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग गर्ने भावना आउनेछ | तुला | : मित्रसंग विवाद हुनसक्नेछ |
| वृष | : यात्राको लागि सुखद देखिन्छ | वृश्चिक | : धन खर्च हुनेछ |
| मिथुन | : रमाइलोको समय रहेको छ | धनु | : भेटघाटमा समय बित्नेछ |
| कर्कट | : शरीरमा समस्या देखिन सक्नेछ | मकर | : सम्पत्तिको खचपच हुनेछ |
| सिंह | : सामाजिक प्रतिष्ठा बढ्नेछ | कुम्भ | : सुखभोगको समय रहेकोछ |
| कन्या | : सानातिना अवरोध आइरहनेछ | मीन | : आर्थिक लाभ मिल्नेछ |

# नेपालमा पर्यटन व्यवसाय र हवाई यातायात



✍ श्यामप्रसाद मैनाली

पर्यटकहरू प्राय: मनोरम दृश्य हेर्नका लागि नेपालमा आउने गर्दछन् । उनीहरूका लागि नेपाल विश्वमै एक आकर्षक देशका रुपमा रहेको छ । प्राकृतिक सम्पदादेखि मानवनिर्मित पर्यटकीय स्थलहरू पनि नेपालमा प्रशस्त मात्रामा रहेका छन् । यहाँको हावापानीले समुद्र सतहदेखि विश्वकै सर्वोच्च शिखर सगरमाथा समेट्ने भएकाले सबै प्रकारको तापक्रम यस देशमा पाइने गर्दछ । विश्वको जम्माजम्मी जनसंख्याको करिब ७ प्रतिशत बौद्ध धर्मावलम्बीहरू छन् ।

ती बौद्ध धर्मावलम्बीहरूको संख्या ५० करोड पुगेको अनुमान छ । बौद्धधर्म मान्नेहरू प्राय: एसिया प्यासिफिक क्षेत्रमा बढी बसोबास गर्दछन् । ९९ प्रतिशत यस धर्म मान्नेहरूको संख्या यस क्षेत्रमा छ । चीनमा मात्रै जम्मा बौद्ध धर्मावलम्बीहरूको ५० प्रतिशत अथवा २५० मिलियन जनसंख्या रहेको छ । बुद्धिष्टहरू भगवान् बुद्धको जन्मस्थल लुम्बिनी र उनको मावली क्षेत्र बुटवलनजिक रहेकोले यी पवित्र स्थानहरूमा भ्रमण गर्न आउने गर्दछन् । प्राचीन कपिलवस्तु, तिलौराकोट आदिको भ्रमण गर्न र दर्शन गर्नका लागि पनि आइराखेका छन् । यो संख्या अत्यन्त ठूलो भएकाले उनीहरूलाई नेपालमा आकर्षित गर्न सक्ने सम्भावना प्रबल छ ।

केही समयअघिसम्म विश्वकै सबैभन्दा ठूलो जनसंख्या भएको देश चीन थियो । यस देशमा रहेका बौद्धधर्म मान्नेहरूमध्ये १० प्रतिशतले मात्र नेपालको भ्रमण गरे भने नेपालको अर्थ व्यवस्थामा अत्यन्त ठूलो सकारात्मक परिवर्तन आउँछ । यो सम्भावना पनि छ, किनकि चीन नै यस्तो देश हो जसले आफ्नो देशबाहेक अन्य देश नेपालमा मात्र बुद्ध स्तूप लुम्बिनीमा बनाएको छ । यसले पनि चिनियाँहरूले लुम्बिनीलाई आफ्नो पवित्र तीर्थस्थल बनाएकोमा सन्देह रहँदैन । केही समयअघिसम्म नेपाल विश्वमै एकमात्र हिन्दु राष्ट्र रहेको थियो । विश्वका हिन्दुहरूको संख्या १.२ अर्ब रहेको छ । हिन्दु धर्म मान्नेहरूले विश्व जनसंख्याको तेस्रो क्रममा आफूलाई स्थापित गरेका छन् । ९० प्रतिशत हिन्दुहरु छिमेकी देश भारतमा छन् । नेपालमा ओमकार समाजसमेतलाई समावेश गर्दा हिन्दुहरूको संख्या जम्मा जनसंख्याको ८९ प्रतिशत रहेको छ । नजिकै रहेको बंगलादेशमा पनि ठूलै संख्यामा हिन्दुहरू रहेका छन् । यसका अलावा संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, मलेसिया, इन्डोनेसिया, पाकिस्तान, श्रीलंका आदि देशहरूमा पनि हिन्दुहरु छरिएर रहेका छन् । यो धर्म अत्यन्त उदार प्रकृतिको भएको कारण पनि विश्वभरका सबै धर्म मान्नेहरु हिन्दु धर्म मान्नेहरूसँग प्रगाढ सम्बन्ध राख्न आकर्षित हुन्छन् । यो ठूलो जनसंख्याको आफ्नो आदर्श, आस्था र भक्तिभावको केन्द्र भनेकै विशेष गरी नेपाल हो । यस अर्थमा विश्वभर रहेका हिन्दुहरू नेपाल आउन उनीहरूको लागि ठूलो इच्छा हुने गर्दछ ।

पर्यटन क्षेत्रको विकासका लागि हवाई यातायातको योगदान अत्यन्त महत्वपूर्ण देखिन्छ । यो सेवा तुलनात्मकरुपमा अन्य सेवाभन्दा सुविधायुक्त छ । कम लागतमा उडान भर्न पाइन्छ । समयको सदुपयोग हुन्छ । सबै प्रकारका यातायातका साधनमा सबैभन्दा सुरक्षित पनि मानिएको छ । यस क्षेत्रको विकास अत्यन्त तीव्र गतिमा हुँदै गएकाले सरकारी र निजी क्षेत्र दुवैले सेवा प्रदान गर्दै आएका छन् । यो यातायात सेवाको प्रतिस्पर्धा अत्यन्त बढिराखेको छ । प्रतिस्पर्धा बढेकै कारण हवाई सेवा बढी गुणस्तर युक्त बनिराखेको छ । पर्यटन उद्योग हवाई यातायातमा अत्यन्त ज्यादा आधारित छ । यो सेवा प्रभावकारी हुँदा ठूलो संख्यामा पर्यटकहरु भित्रिन सक्दछन् । पर्यटकहरू अत्यन्त राम्रो गरी प्रवाह हुँदाखेरिको अवस्थामा हवाई यातायात फस्टाउन थाल्छ । यी यातायातका साधनको बीचमा स्वस्थ प्रतिस्पर्धा बढ्दै जाँदा पर्यटकले गुणस्तरयुक्त सेवा पाउँछन् र पर्यटक बढ्छन् । हवाई सेवा प्रवर्द्धन हुन पुग्छ । पर्यटन उद्योगको विकास र हवाई यातायातको प्रवर्द्धन एक-अर्काका परिपूरक हुन् । विशेष गरी अन्तर्राष्ट्रिय क्षेत्रबाट आउने पर्यटकहरू बढ्दा हवाई यातायातको अवस्था सुदृढ हुन पुग्छ । आन्तरिक उडानसमेतले प्रशस्त काम पाउन थाल्छन् ।

पर्यटकहरूको संख्या वृद्धि गर्नको लागि सतही यातायातभन्दा हवाई यातायातकै विकास र प्रवर्द्धन हुनु अत्यावश्यक छ । आफ्नै देशका एयरलाइनको विकास गर्दै गुणस्तरीय सेवा यदि यात्रुहरुलाई दिन सकियो भने यसबाट देशले अत्यन्त ठूलो फाइदा लिन सक्छ । थाई एयर वेज र तत्कालीन रोयल नेपाल एयरलाइन्स एकै दिन उडान प्रारम्भ गरेका हुन् । दुईवटाको तुलना गरेर हेर्दा नेपालका एयरलाइन्सहरू प्राय: गुमनाम भइसकेका छन् । तर थाई एयरवेजले अत्यन्त ठूलो प्रगति गरेको छ । नेपालको राष्ट्रिय ध्वजावाहक एयरलाइनको बारेमा विश्लेषण गर्दा युरोपियन युनियनले नेपालमा रजिस्टर भएका एयरलाइनलाई आफ्नो भूभागमा उड्न प्रतिबन्ध लगाउने र आफ्ना नागरिकलाई यात्रा गर्दा ती विमानबाट नगर्न सूचित गरेको थियो । यसका पछाडिका कारणको बारेमा विश्लेषण गर्नुभन्दा पनि हामीले हाम्रो वायुसेवाको गुणस्तर र प्रख्याति विश्वबजारमा स्थापित गर्न सकेका छैनौं । नेपालका आफ्नै विशिष्ट विशेषता छन् । ऐतिहासिक र सांस्कृतिक धरोहरहरु पर्याप्त छन् ।

गुम्बा, मन्दिर, अन्य आकर्षक स्थलहरू विश्वसम्पदा सूचीमा सूचीकृत भएका स्थानहरू थुप्रै छन् । काठमाडौं उपत्यकामा मात्रै विश्वसम्पदा सूचीमा रहेका सात स्थान छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणका लागि व्यवस्थित गरिएका पार्कहरू, आरक्षणहरू थुप्रै छन् । बंगाली बाघ, एकसिंगे गैंडा, हात्ती, थरी-थरीका पक्षीहरू हेर्न पनि अन्तर्राष्ट्रिय क्षेत्रका पर्यटकहरू आउने गर्दछन् । विश्वका १४ वटा उच्च शिखरहरु पनि नेपालमै छन् । अत्यन्त मनमोहक लस्कर मार्गहरू, पैदल मार्गहरू, पर्वतारोहणका लागि अत्यन्त लोभलाग्दा हिमालहरू नेपालमै छन् । अनि विकसित देशहरूको तुलनामा यहाँ आउने पर्यटकहरू अत्यन्त सुपथ मूल्यमै आफ्नो उद्देश्य प्राप्त गरेर फर्किन्छन् । पर्यटन क्षेत्रको यस प्रकारको सम्भाव्यता भएकै कारण र केही मात्रामा नेपाली पर्यटकहरू भित्र्याउन सकेका कारण देशभित्र रोजगारीका अवसरहरु सिर्जना भएका छन् । अन्तर्राष्ट्रिय व्यापार घाटालाई कम गर्न केही सहयोग मिलेको छ । उपभोक्ताका लागि बजार विस्तार हुन पुगेको छ । राष्ट्रिय अर्थतन्त्रको विभिन्न क्षेत्रमा यसले सहयोग पुर्‍याइरहेको छ । राजस्व वृद्धि र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्ध विस्तार गर्न सहज भएको छ । वैदेशिक मुद्रा सञ्चितिको अवस्थामा उल्लेखनीय सुधार हुँदै आएको छ । पर्यटक भित्र्याउन सम्भाव्यता भएका देशहरूमा नेपालको क्रम आठौंमा छ । तर पर्यटक भित्र्याउने देशहरूको क्रममा नेपाल १०० भन्दा पनि तल रहेको अवस्था छ । सम्भाव्यताको हिसाबले यति राम्रो स्थिति नेपालको हुँदै गर्दा हामी अन्तर्राष्ट्रिय क्षेत्रका पर्यटकहरू आकर्षण गर्न सफल हुन सकेका छैनौं । यो अवस्था सिर्जना हुनुको पछाडि केही समस्या र चुनौतीको सामना नेपालले गर्नुपरिराखेको छ ।

**समस्या र चुनौतीहरू :**

सबैभन्दा ठूलो समस्या भनेकै हाम्रो अन्तर्राष्ट्रिय विमानस्थल नै हो । हामीले सञ्चालनमा ल्याएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सेवा-सुविधा र आधारशिलालाई अध्ययन गर्ने हो भने यो आन्तरिक उडान भर्नको लागि मात्र पर्याप्त छ । अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंभन्दा बाहिर व्यस्त शहरभन्दा केही फरकमा स्थापित हुनुपर्दछ । यो अन्तर्राष्ट्रिय विमानस्थलमा देखिएका विकृति र विसंगतिका कारण पनि पर्यटकहरु दोहोर्‍याएर नेपाल आउने धारणा परित्याग गर्दछन् । भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अत्याधुनिक प्रविधिसहितको प्रयोग गरेर सुविधा सम्पन्न बनाइएका छन् । तर यी विमानस्थलले सहज एयर रुटसम्म पनि प्राप्त गर्न सकेका छैनन् । यसको प्रचारप्रसारको पनि कमी छ । अन्तर्राष्ट्रिय उडान भर्नका लागि खासै भूमिका निर्वाह गर्न सकेको छैन । त्यसले गर्दा यी दुवै विमानस्थलहरू ऋणबाट ठूलो लागतमा तयार भएका तर त्यो लागत उठाउन सक्ने सम्भावना न्यून हुँदै जाँदा राष्ट्रका लागि सेतो हात्ती बन्ने सम्भावना प्रबल हुँदै गएको छ । यस अवस्थामा विदेशी पर्यटकलाई नेपाल आकर्षण गर्ने जुन सपना यी दुई अन्तर्राष्ट्रिय विमानस्थलबाट देखिएको थियो, यसमा प्रश्नचिह्न खडा भएको छ ।

पर्यटकलाई आकर्षित गरिने क्षेत्रहरूको संरक्षण र विस्तारीकरण तथा सुधार गर्दै जानुपर्नेमा यी क्षेत्रहरू प्रदूषित हुँदै गएका छन् । यस्ता सार्वजनिक क्षेत्रहरू व्यक्ति, संस्थाहरूले अतिक्रमण गर्दै गएको अवस्था छ । नेपालको सरकारले योसमस्यालाई समाधान गर्न प्रभावकारीरुपमा आफ्नो उपस्थिति दिन सकेको छैन । गुणस्तर युक्त अथवा राम्रा डलरहरू खर्चिन सक्ने पर्यटकहरु भित्र्याउन सकेको छैन । नेपालमा प्रवेश गर्ने पर्यटकहरू अत्यन्त सुपथ मूल्यमा गुजारा गर्दै घुमफिर गरेर फर्कन्छन् । एउटा पर्यटकले दैनिक गर्ने खर्च १२५ डलर देखिएको छ । रकम खर्चिने गुणस्तरयुक्त टुरिस्ट आकर्षित गर्न यस क्षेत्रमा धेरै लगानी गर्नुपर्ने अवस्था छ । प्रत्यक्ष हवाई सम्पर्क रहेका देशहरूबाट पर्यटक सिधै उडान भरी आफ्नो गन्तव्य मुलुक प्रवेश गर्न चाहन्छन् । युरोपियन, अमेरिकन र अस्ट्रेलियन क्षेत्रमा सीधा उडान भर्न कठिन भइरहेको छ । यस अर्थमा हामीले पचिश्चमा देशहरूबाट गुणस्तरयुक्त पर्यटक भित्र्याउन खासै सकेका छैनौं । नेपालमा आउने पर्यटकहरू छिमेकी देशहरू भारत र चीनबाट बढी आउने गरेका छन् ।

देशका ५६ वटा आन्तरिक विमानस्थलमध्ये ३५ वटा मात्रै प्रयोगमा छन् । तीन भागको एक भाग विमानस्थलहरू प्रयोगविहीन भएर बसेका छन् । सतही मार्गहरूबाट ती क्षेत्रमा पर्यटकहरू जाने विषय जटिल हुन्छ । किनकि हाम्रो सडक पनि आधुनिक र सुविधायुक्त छैन । अत्यन्त सानो देश र नेपालको तुलनामा पर्यटकहरूको सम्भावना कम भएको माल्दिभ्सले नेपालको भन्दा बढी पर्यटक आकर्षित गरेको छ । हामीसँग सम्भावना धेरै हुँदा पनि पर्यटक आकर्षित हुन सकेनन् । नेपालको अन्तर्राष्ट्रिय विमानस्थलको दुरावस्था त छँदै छ ।

नेपाल भित्रिएका विदेशीहरूले आफ्नो गन्तव्यमा पुग्न धेरै प्रकारका कठिनाइको सामना गर्नुपर्दछ । गन्तव्यसम्म पुग्ने पूर्वाधारहरूको अवस्था अत्यन्त कमजोर र कम गुणस्तरीय छ । एक गन्तव्यदेखि अर्को गन्तव्यसम्मको आन्तरिक सम्बन्धता पनि देखिँदैन । यसका लागि पूर्वाधारहरु छैनन् । देश संघीयतामा गइसकेपछि विभिन्न तहका सरकारले आपसी समन्वय प्रभावकारी बनाएर आ-आफ्ना क्षेत्रका पर्यटकीय स्थलहरूको सुधारमा पर्याप्त ध्यान दिन सकेका छैनन् । सरकारी प्रयासबाट मात्रै यो क्षेत्रको विकास गर्न सकिन्न । निजी क्षेत्रलाई साथसाथै लिएर हिँड्ने सन्दर्भ प्रभावकारी भएको छैन । नेपालले प्राचीन कपिलवस्तु आफ्नै देशमा रहेको दाबी गरिरहँदा नेपालको सीमा क्षेत्रबाट थोरै दूरीमा भारतीय पक्षले ठूलो खर्चमा प्राचीन कपिलवस्तु दाबी गर्दै निर्माण गरी प्रस्तुत गरिराखेका छन् ।

बजारीकरण व्यापक रुपमा भइराखेको छ । हामीले प्राचीन कपिलवस्तु नेपालमै भएको भनिरहँदा बजारीकरण हुन सकेको छैन, आतिथ्यता प्रदान गर्ने जनशक्ति गुणस्तरयुक्त छैनन् । स्थलमार्गबाट नेपाल प्रवेश गर्न आउने पर्यटकहरू विशेष गरी दक्षिणी सिमानामा निरुत्साहित हुन्छन् । नेपालको निरपेक्ष गरिबी र बहुआयामिक गरिबीको निवारणका लागि धेरै कोणबाट पर्यटन व्यवसायले ठूलो योगदान पुर्‍याउन सक्छ । त्यसैले यो क्षेत्रलाई जुन हिसाबले राख्नुपर्ने हो त्यो हुन सकेको छैन । १० बर्से द्वन्द्वकालले नेपालका संरचनाहरू ध्वस्त बनाएको छ । पूर्ववत् अवस्थामा ती संरचनाहरू पूर्णत: तयार हुन सकेका छैनन् ।

**समाधान :**

पर्यटन क्षेत्रको विकासका लागि गुरुयोजना तयार बनाई त्यस योजनामा निजगढ, भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई जीवन्तता प्रदान गर्नेतर्फ सम्बन्धित क्षेत्र विशेष गम्भीर हुनु जरुरी छ । काठमाडौंबाहिर रहेका यी तीनवटा अन्तर्राष्ट्रिय विमानस्थलहरू प्रभावकारी रुपमा सञ्चालनमा आएपश्चात् त्रिभुवन अन्तराष्ट्रिय विमानस्थललाई आन्तरिक विमानस्थलका रुपमा मात्रै सीमित गर्ने विकल्पमा सोचन सकिन्छ । दोस्रो विकल्प हो, यो विमानस्थललाई आन्तरिक विमानस्थलका रुपमा उपत्यकाभित्रै खुल्ला क्षेत्रमा निर्माण गर्न पनि सकिन्छ ।

पर्यटन क्षेत्रसँग सम्बन्धित सबै सेवाहरू एकल विन्दुबाट दिनु उपयुक्त हुन्छ । नेपालको भिसा प्रक्रिया पनि सहजीकरण गर्नु जरुरी हुन्छ । उदाहरणका लागि युरोपियन मुलुकको कुनै एक देशको सेन्जेन भिसा प्राप्त भएपश्चात् संयुक्त अधिराज्यबाहेक सबै युरोपियन मुलुकको भ्रमण गर्न पाइन्छ । त्यसैले प्याकेजमै युरोपको टुर पर्यटकहरुले गर्न सक्छन् । हामी पनि विशेष गरी चिनियाँ र भारतीय पर्यटकलाई आकर्षित गर्न पनि सार्क क्षेत्रका सबै देशको लागि एउटै भिसाले नेपालमा भ्रमण गर्न सक्ने अवस्था बनाइनुपर्दछ ।

देशका समग्र विमानस्थललाई अन्तरर्ाष्ट्रिय, क्षेत्रीय र आन्तरिक गरी ३ वर्गमा विभाजन गर्नु उपयुक्त हुन्छ । सोही अनुरुप सुधार जरुरी छ । हिन्दुहरूको ठूलो जनसंख्या विश्वभर छ । आराध्यदेव पशुपतिनाथ नेपालमा छन् । बुद्धिस्टहरूको पावनस्थल लुम्बिनी हो, यसको बारेमा व्यापक प्रचारप्रसार गरिनु जरुरी छ । विभिन्न देशमा रहेका नेपालका कूटनीतिक नियोगहरुलाई प्रभावकारीरुपमा पर्यटन कूटनीति परिचालन गराइनुपर्दछ । नेपालमा हरेक क्षेत्रगत मन्त्रालय र विभागहरूले आ-आफ्नो स्वामित्वभाव लिने तर सरकारी स्वामित्वभावलाई कम प्राथमिकतामा राख्ने गरिआएका छन् । यसले गर्दा क्षेत्रगत कानुनहरू, नीतिहरू पर्यटन व्यवसायका लागि बाधक बनिराखेका छन् । यसमा पुनरावलोकन हुनु जरुरी छ ।

राष्ट्रको पहिलो पहिचान विमानबाट अवतरण गर्नासाथ हुने गर्दछ । त्यहाँ भएका सुविधा, अध्यागमन सेवाको प्रभावकारिता, सुरक्षाको प्रत्याभूति, ब्यागेज क्लेम गर्ने व्यवस्था, भन्सार जाँचको स्थिति, बाहिर निस्किएपछि पाइने सुविधाहरू जस्तो-ट्याक्सी, टुरिस्ट गाइड, पोर्टर, होटेलको सुविधा आदिको मूल्यांकन पर्यटकहरुले राम्ररी गर्दछन् । उनीहरूले घुमफिर गरेका अन्य देशहरूका सेवा-सुविधा र वातावरणमैत्री अवस्थाको तुलना गर्दछन् । देश फर्किएपछि यी पक्षको मूल्यांकन हुन्छ । उसले दिएको सुझावको आधारमा त्यस देशका पर्यटकहरू नेपाल आउने वा नआउने, एकपटक आएका पर्यटकहरू अर्कोपटक फेरि आउने या नआउने निर्णय लिन पुग्छन् । यस अर्थमा नेपालमा सबै प्रकारको कमी-कमजोरी रहेको छ । यही कारणले गर्दा पर्यटनको आवागमन अपेक्षा गरेअनुसार हुन सकेको छैन । नेपालमा चीनबाट मात्रै उसको जनसंख्याको १० प्रतिशत बुद्धिस्टहरुले नेपाल भ्रमण गरेमा २ करोड ५० लाख बुद्धिस्टले नेपालको भ्रमण गर्नेछन् । यो संख्या मात्रै नेपालमा आकर्षित गर्न सक्दा पर्यटन उद्योगको माध्यमबाट ठूलो आर्थिक फड्को मार्न सकिन्छ ।

विश्वकै सबैभन्दा ठूलो जनसंख्या भएको देश भारत हो । त्यहाँ पनि ठूलो संख्यामा हिन्दुहरू रहेका छन् । उनीहरू आराध्यदेव पशुपतिनाथको दर्शन गर्न लालायित हुन्छन् । नवविवाहित जोडीहरू मधुमास अवधि व्यतीत गर्न नेपालका हिमाली जिल्लातिर विशेष गरी आउने गर्दछन् । यस प्रकार दुई देशबाट आउने पर्यटकहरू धार्मिक हिसाबले बढी आउँछन् । अन्य मनोरञ्जन गर्न आउने पश्चिमा देशका उन्नत देशहरूका गुणस्तर युक्त पर्यटकहरुलाई आकर्षण गर्ने सफल योजना र त्यसको प्रभावकारी कार्यान्वयनमा राष्ट्र जुट्नुपर्दछ । हामी अत्यन्त न्यून पर्यटकहरूलाई स्वागत गरेर रमाएका छौं । सन् २०२३ मा १० लाख १४ हजार ८८५ पर्यटक आएकोमा सन् २०२४ को सेप्टेम्बरसम्म ८ लाख पर्यटक आएका छन् ।

यति सानो संख्यामा नेपालमा पर्यटक भित्रिनु भनेको हामीले पर्यटन क्षेत्रमा केही पनि सुधार गर्न नसक्नुको परिणाम हो । नेपालमा आउने अन्तर्राष्ट्रिय हवाई यात्रीहरूमध्ये ७५.३ प्रतिशत एसिया प्यासिफिक क्षेत्रबाट, १६.४, प्रतिशत मध्यपूर्वबाट र ५.७ प्रतिशत युरोपबाट अनि बाँकी अन्य देशबाट आएको पाइन्छ । यो बजारलाई मध्यनजर राखी हाम्रा प्रचारप्रसार र सेवा-सुविधामा उल्लेख्य सुधार हुनु जरुरी छ । उल्लेख भएअनुसारका समाधानका उपायहरू अवलम्बन भएमा मात्र पर्यटन उद्योगले ठूलो टेवा दिन सक्छ र आर्थिक समुन्नति सम्भव हुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# प्रकृति, मानव सृष्टि र विकृति

✍ डा.नरविक्रम थापा

प्रकृति हरेक प्राणी तथा जीवको सृष्टिकर्ता हो । विज्ञान र प्रविधिका माध्यमले मानवको विकृत लोभ र तृष्णाले प्रकृतिको चरम दोहन भइरहेको छ । जसको परिणामस्वरूप अहिले मानव अस्तित्वको संकट निम्तिदै छ । विश्वब्रह्माण्डमा देखिने-नदेखिने, सजीव-निर्जीव, चल-अचल, स्थूल-सूक्ष्म, ठोस-तरल आदि सम्पूर्णको समष्टिगत स्वरूप नै प्रकृति हो । प्रकृतिको हरेक अंश वा पक्ष विशिष्ट छ । साथै सबै एक अर्कासित सम्बन्धित, आश्रित वा प्रभावित रहेका छन् । मानिस पनि प्रकृतिको एक विशेष सजीव अंश हो । चेतना र विवेकका कारण मानवलाई प्रकृतिको सर्वश्रेष्ठ प्राणी मानिन्छ । प्रकृति र मानिसको सम्बन्ध अछुट, अटुट, अपार, प्रगाढ र घनिष्ठ रहेको छ । मानवको श्वास, प्राण, ढुकढुकी प्रकृतिमा आश्रित छ । हरेक क्रियाकलाप प्रकृतिबाट प्रभावित, प्रकृतिमा आधारित र प्रकृतिसँग सम्बन्धित छ । त्यसैले मानव प्रकृतिसँग छुट्टिएर बस्न असम्भव छ । प्रकृतिले नै मानवलाई बाँच्न सिकाएको छ । मानिसले आफ्नो खाना, पानी, इन्धन, औषधि, निर्माण सामग्री र अन्य धेरै चिजहरू प्राप्त गर्न वातावरणसँग अन्तरक्रिया गर्न आवश्यक छ ।

विज्ञान र प्रविधिको विकासले हामीलाई हाम्रो फाइदाका लागि वातावरणको सेवा प्राप्त गर्न मद्दत गरेको छ, तर हामीले व्यापक प्रदूषण निम्त्याएर निरन्तर रूपमा वातावरणीय क्षति पनि गरिरहेका छौं । यो अहिले भयावह अवस्थामा छ । यस आलेखको उद्देश्य प्रकृति र मानव सृष्टि र विकृतिको सम्बन्ध के कस्तो छ र यसको महत्त्वका बारेमा विवेचना गर्नु हो । मानिसले आफूलाई सर्वश्रेष्ठ ठानी प्रकृतिमाथि जथाभावी दोहन गर्न थालेकाले प्रकृति र मानव सृष्टिलाई मानिसको विकृतिले असन्तुलन खडा गरेको छ । यो धर्तीका लागि मानिस भनेको एउटा सामान्य प्राणी हो । प्रकृतिले आफ्नो सन्तुलन आफैँ मिलाउँछ, मानिसभन्दा प्रकृति धेरै बलवान् हुन्छ ।

**मानिस र प्रकृतिको सम्बन्ध**

मानिसको प्रकृतिसँग जटिल र बहुआयामिक सम्बन्ध हुन्छ, जसलाई विभिन्न दृष्टिकोणबाट हेर्न सकिन्छ :

**क) जैविक सम्बन्ध**

मानव प्राकृतिक संसारको भाग हो, अन्य प्रजातिहरूसँगै लाखौं वर्षमा विकसित हाम्रो जीवविज्ञान हामीले बसोबास गर्ने इकोसिस्टमसँग गाँसिएको छ । हामी खाना, पानी र हावाका लागि प्रकृतिमा भर पर्दछौं । प्रकृतिका कुनै पनि जीवजन्तु एकअर्कासँग अन्तरनिर्भर छन् । यिनीहरू प्रकृतिबाट अलग भएर बाँच्न सक्दैनन् ।

**ख) सांस्कृतिक र आध्यात्मिक महत्त्व**

धेरै संस्कृतिहरूको प्रकृतिसँग गहिरो आध्यात्मिक र दार्शनिक सम्बन्ध छ । प्रकृतिले प्राय: मिथक, धर्म र परम्पराहरूमा केन्द्रीय भूमिका खेल्छह सौन्दर्य, जीवन, मृत्यु र नवीकरणको अवधारणालाई मूर्त रूप दिन्छ ।

**ग) आर्थिक निर्भरता**

आर्थिक रूपमा मानवहरू निर्वाह, ऊर्जा र सामग्रीका लागि प्राकृतिक स्रोतहरूमा निर्भर हुन्छन् । कृषि, वन, माछा मार्ने र पर्यटन उद्योगहरू हुन् जुन प्रत्यक्ष रूपमा स्वस्थ पारिस्थितिक प्रणालीमा निर्भर हुन्छन् । प्रकृति मानवको जनजीविकासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । प्रकृतिले मानिस बाँच्नका लागि पर्याप्त साधन र स्रोत उपलब्ध गराएको छ, तर लोभी पापीहरूको तृष्णा कहिल्यै मेटाउन सक्दैन ।

**घ) वातावरणीय प्रभाव**

औद्योगीकरण, सहरीकरण र वन फँडानी जस्ता मानव गतिविधिले वातावरणमा महत्त्वपूर्ण प्रभाव पार्छ । यसले जलवायु परिवर्तन, जैविक विविधताको हानि र प्रदूषण जस्ता चुनौती निम्त्याएको छ, जसले दिगो अभ्यासहरूको आवश्यकताको बढ्दो चेतनालाई प्रेरित गरेको छ ।

क्रमश: पृष्ठ-३....

# ५१ वर्षपछि कलेज फर्किएका पूर्वप्रधानमन्त्री

काठमाडौं/औपचारिक समारोहमा पूर्वप्रधानमन्त्रीलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्नु नौलो कुरा भएन । तर, एकैछिनमा फरक दृश्य देखियो । प्रमुख अतिथिका रुपमा सम्बोधन गरिएका तिनै ७५ वर्षीय पूर्वप्रधानमन्त्री झलनाथ खनाललाई उद्घोषक संगीना बज्राचार्यले विद्यार्थीका रुपमा स्टेजमा आमन्त्रण गरिन् । राजनीतिज्ञको रुपमा आसनग्रहण गरेका खनाल केही क्षणमै विद्यार्थीका रुपमा आफ्नो प्रस्तुति दिन अघि बढे । यो दृश्य हो, गएको २७ पुसमा तिनकुनेको थेरवाद बुद्धिष्ट एकेडेमीमा भएको सेमिनारको ।



एकेडेमीका प्रिन्सिपल डा. महेन्द्ररत्न शाक्य भन्छन्, 'उहाँ अहिले कलेजमा थेरवाद बुद्धिज्ममा स्नातकोत्तर गरिरहनु भएको छ, त्यसैले विद्यार्थीका रुपमा प्रस्तुति दिनु भएको हो ।' प्राध्यापकहरुका अनुसार, पूर्वप्रधानमन्त्रीका रुपमा सम्मानित व्यक्ति भएकाले सुरुमा उनलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गरिएको थियो । तर, डेढ वर्षदेखि कलेजमा स्नातकोत्तर अध्ययनरत रहेकाले खनाललाई केही बेरमा विद्यार्थीका रुपमा प्रस्तुति दिन बोलाइएको शाक्य बताउँछन् ।

'त्यो विद्यार्थीहरुकै सेमिनार थियो, उहाँले थेरवाद बुद्धिज्म इन लिच्छवी नेपाल शीर्षकमा पेपर प्रस्तुत गर्नुभयो', शाक्यले संचारकर्मीसँग भने, 'त्यसमा उहाँले लिच्छवीकालमा बुद्धिज्मको अवस्थाबारे विस्तृतमा बताउनुभएको थियो ।' पहिले पूर्वप्रधानमन्त्रीको रुपमा प्रमुख अतिथिको आशनग्रहण गरेका खनालले केहिबेरमा विद्यार्थीका रुपमा स्नातकोत्तर तहको सेमिनारमा प्रस्तुति दिएका थिए ।

उनका अनुसार, सेमिनार थेरवाद बुद्धिज्ममा स्नातकोत्तर अध्ययनकै एउटा पाटो थियो । त्यसैले अरु विद्यार्थीसँगै खनालले पनि कलेजमा आफ्नो प्रस्तुति दिएका हुन् । कक्षामा पढाइ चलिरहँदा पनि कहिलेकाहीँ प्राध्यापकहरु उनलाई 'माननीयज्यू, सम्माननीयज्यू' लगायतका शब्द प्रयोग गरेर सम्बोधन गर्छन् । कक्षामा दैनिक यस्तो सम्बोधन सुन्दा सुरूमा अरु विद्यार्थीलाई अनौठो पनि लाग्थ्यो ।

'तर, एक किसिमले त्यो रमाइलो पनि हो, यो उमेरमा पूर्वप्रधानमन्त्रीज्यूलाई पढाउन पाउँदा हामी खुशी छौं', शाक्य भन्छन्, 'झन् भर्खरका विद्यार्थीहरुले जस्तो शंका लागेका विषयहरुमा उहाँले प्रति प्रश्न र छलफल गरिरहँदा कक्षा थप अन्तर्क्रियात्मक बनेको छ ।' शाक्यका अनुसार, खनालले सेमेस्टर प्रणालीमा तीनवटा परीक्षा दिइसकेका छन्, आन्तरिक परीक्षाहरुमा पनि सधैँ सहभागी हुन्छन् । 'उहाँले सबै परीक्षामा राम्रो अंक ल्याइरहनु भएको छ', उनले भने, 'भर्खरै चौथो सेमिस्टर पनि सुरु भएको छ ।'

प्राय: जावलाखेल इञ्जिनियरिङ कलेजमा अन्तिम जाँच हुने गरेको छ, खनाल त्यहीं गएर परीक्षा दिन्छन् । उत्तरपुस्तिका र प्रश्न पत्र लिएर लेखिरहँदा खनालका अंगरक्षक र सुरक्षाकर्मीहरु बाहिरैबाट नियालिरहन्छन् ।

**पाँच दशकपछि औपचारिक शिक्षा**

इलामको साँखेजुङको पण्डित परिवारमा ६ चैत २००६ सालमा जन्मिएका खनालले औपचारिक अध्ययन थाल्दा एकाध विद्यालयहरु भर्खरै खुलेका थिए । 'मभन्दा अगाडिका मान्छेहरुले पढ्नै पाउँदैनथ्ये, मेरो बुबा पण्डित हुनु भएकाले गुरुकुल शिक्षा लिनु भएको थियो', खनाल विगततिर फर्किन्छन्, 'त्योबेला मैले कखरा सिकेकै धुलौटोमा लेखेर हो ।' त्यसबेला आफूलाई हजुरबुबाले धुलौटोमा क..ख.. लेखन सिकाएको उनलाई अझै सम्झना छ । पारिवारिक पृष्ठभूमिका कारण उनले सानैदेखि संस्कृतका पुस्तकहरु पढ्न पाए । स्कुलहरु खुल्न थालेपछि औपचारिक शिक्षा लिन समेत पाए । तर, औपचारिक अध्ययन सुरु गरेको केही समयमै उनको रुचि संस्कृतिबाट राजनीतिक पुस्तकतिर मोडिन थाल्यो ।

त्यसबेला स्कुलमा हुने राजनीतिक गतिविधिले उनलाई यति छोयो कि १७ वर्षको उमेरमै उनी मेची विद्यार्थी संगठनको अध्यक्ष बने । इलामको आदर्श माविबाट एसएलसी परीक्षा उत्तीर्ण गरेपछि उनी थप अध्ययनका लागि राजधानी काठमाडौंतिर आए । भारतको गलगलिया हुँदै बिराटनगर भएर काठमाडौं आएपछि उनी त्रिचन्द्र क्याम्पसमा आईएस्सी भर्ना भएका थिए ।

त्रिचन्द्रमा आईएस्सीको कोटा थप्न समेत खनालसहितका विद्यार्थीहरुको समूहले आन्दोलन गरेको थियो । त्रिचन्द्र पढिरहँदा उनको राजनीतिक चेतको आयतन बढ्न थाल्यो । उनी विस्तारै क्रान्तिको बाटोमा समातनुपर्छ भन्नेमा दृढ बन्न थाले । सानै उमेरदेखि अध्ययनशील स्वभाव भएका उनले त्रिचन्द्रमा छँदा मार्क्सवादका पुस्तकहरु नियमित जसो पढ्थे । त्यसले पनि उनको राजनीतिप्रति लगाव बढाएको थियो ।

'जतिबेला म राजनीतिप्रति एकदमै आकर्षित भएर नेपालमा समाजवादको आवश्यकता रहेछ भन्ने निष्कर्षमा पुगेँ, त्यतिबेला कम्युनिष्ट पार्टीहरु टुक्राटुक्रा भएको भेटेँ', उनी भन्छन्, 'त्यसपछि २०२५ सालको अन्तिमतिर मार्क्सवादी बन्ने सिलसिलामा छरिएका कम्युनिष्ट पार्टीहरुलाई कसरी एकीकृत गर्न सकिन्छ भनेर शशी शेरचन, मसहितका अरु युवा साथीहरुले राष्ट्रिय कोअर्डिनेसन सेन्टर बनाउन पूर्व-पश्चिम दौडाह थालेका थियौं ।'

राजनीतिक गतिविधिलाई गति दिँदै अध्ययन अघि बढाएका खनाल विएस्सी सकेर कम्युनिष्ट पार्टीको पूर्णकालीन सदस्य र शिक्षक लगभग सँगसँगै भए । 'मैले बागलुङको गलकोट माध्यमिक विद्यालयमा विज्ञान शिक्षकका रुपमा पढाउन सुरु गरेको थिएँ', उनी सम्झन्छन्, 'अध्यापनसँगै मैले पार्टीको काम समेत नियमित अघि बढाएँ ।' त्यसबेला कम्युनिष्ट नेता चित्रबहादुर केसी उनले अध्यापन गराउने स्कुलमा प्रधानाध्यापक थिए । खनाल त्यहाँ पुगेपछि किसान संगठन, विद्यार्थी संगठन लगायत बन्यो, प्रशासनसम्म सूचना पुग्यो । खनाल पक्राउ परे ।

अञ्चलबाटै निष्कासित भएर मेची पुगे । त्यसपछि भूमिगत रहेरै उनले इलामबाट पार्टीका बाँकी कामलाई अघि बढाएका थिए । 'त्यतिबेला मलाई पश्चिमको कम्युनिष्ट आन्दोलनको एक किसिमले नेतृत्व गर्ने राम्रो मौका मिल्यो', उनले सम्झिए, 'इलामतिर फर्किएर मैले फेरि आफैं कम्युनिष्ट पार्टीको गठन गर्न सुरु गरेँ ।' २०३२ सालमा उनीसहितका नेताहरुले कोअर्डिनेसन केन्द्र बनाए, तर पार्टी गतिविधि गरिरहँदा खनाल २०३३ देखि २०३७ सालसम्म जेल परे । झापाको सीमा नाका काँकडभिट्टाबाट पक्राउ परेर उनी जिल्ला कारागारको थुनामा पठाइएका थिए ।

योबीचमा उनको औपचारिक अध्ययनको पाटो छुटिरह्यो । 'मैले त्यतिबेला २७ दिन पढेर राजनीति शास्त्रमा स्नातकको परीक्षा दिएको थिएँ, त्यो २०३० सालको कुरा थियो । पछि कलेज नगइ त्रिभुवन विश्वविद्यालयबाट इतिहासमा पनि स्नातक पूरा गरेँ', उनी सम्झन्छन्, 'खासमा २०२६ सालदेखि नै बुर्जुवा शिक्षा पढेर मात्र काम छैन, अब क्रान्तिको बाटोमा लाग्नु पर्छ भनेर मैले औपचारिक शिक्षा छाडेको थिएँ ।'

तर, समाजवाद ल्याउने भन्दै औपचारिक शिक्षा छाडेर क्रान्तिको मार्गमा लागेको पाँच दशकपछि खनालको जीवनले नयाँ मोड लिएको छ । अहिले ७५ वर्षको उमेरमा उनी स्नातकोत्तर तहको औपचारिक शिक्षा लिन तिनकुनेस्थित थेरवाद बुद्धिष्ट एकेडेमीमा भर्ना भएका छन् । पहिले बुर्जुवा शिक्षा पढेर मात्र नहुने भन्दै देशदेशावर हिँडेका खनाल अहिले आफ्नो ध्यान राजनीतिभन्दा बढी अध्ययनमै लगाइरहेका छन् । भलै उनी नेकपा एमालेमै हुँदा पनि समकालीनहरुभन्दा अध्ययनशील नेताका रुपमा परिचित थिए ।

अहिले एकीकृत समाजवादी पार्टीमा सम्मानित नेताको भूमिकामा रहँदा उनले अध्ययनलाई मजाले प्राथमिकता दिन पाइरहेका छन् । लुम्बिनी बौद्ध विश्वविद्यालय अन्तरगतको यो कोर्समा विपश्यना अनिवार्य भएकाले उनले एकपटक अध्ययनकै लागि पार्टीबाट १० दिनको बिदा समेत लिएका थिए । १६ भदौमा भएको पार्टीको केन्द्रीय कमिटी बैठकमा अध्यक्ष माधवकुमार नेपालले अनुपस्थितहरुको सूची पढ्दा खनालको नाम पनि लिएका थिए । त्यसबेला नेपालले खुलाएका थिए, 'सम्मानित नेता झलनाथ खनाल अध्ययन बिदामा हुनुहुन्छ ।'

**"अनि पढ्ने निर्णयमा पुगेँ"**

खनाललाई पहिल्यैदेखि कला, साहित्य, संस्कार र संस्कृतिप्रति लगाव थियो । २०६२/६३ को आन्दोलनलाई पार गरेर आउँदा देशमा समाजवाद निर्माणको आवश्यकता बढ्दै गएको महसुस भएको उनी बताउँछन् । तर, त्यसका लागि देशको इतिहासलाई गहिरो गरी अध्ययन गर्नुपर्छ भन्ने लागेको खनाल सम्झन्छन् । त्यो अध्ययनका लागि विभिन्न दर्शन र पुराना साहित्यहरु महत्वपूर्ण हुनसक्थे । 'समाजवादी कार्यक्रम र लक्ष्य अघि सार्ने सिलसिलामा हाम्रो देशको कसरी उत्पत्ति, विकास हुँदै आयो भन्ने विभिन्न दर्शनको गहन ढंगले अध्ययन गनुपर्छ भन्ने लाग्यो', उनी भन्छन्, 'त्यो सिलसिलामा बुद्धिज्म र बौद्ध कालको अध्ययन नगरी मुलुकको इतिहासको अध्ययन अपूर्ण हुन्छ भन्ने मलाई लाग्यो ।'

यसपछि आफूले बुद्धकालका साहित्य र त्यतिबेला लेखिएका अन्य सामग्रीहरु पढ्न थालेको खनाल बताउँछन् । 'त्यो अध्ययन गर्दै जाँदा मलाई के लाग्यो भने त्यसबेलाका साहित्यहरु एकदमै गहन रहेछन्, बुद्धिज्म मैले जति पढेको बुझेको भन्दा पनि विशाल चिज रहेछ', उनले थपे, 'त्यसैले बुद्धिज्म पढ्नका लागि सामान्य केही घन्टाको समय मात्र दिएर नहुने रहेछ भन्ने निष्कर्षमा पुगेँ ।' तर, सुरुमा उनको मनमा पनि प्रश्न उठेको थियो - ७५ वर्षको उमेरमा आएर औपचारिक शिक्षा लिनु कति सहज होला ? मान्छेलाई अध्ययनको लागि उमेरको कुनै सीमा होला ? यो प्रश्न उनले एकेडेमीका प्रमुख डा. महेन्द्र शाक्यलाई पनि सोधेका थिए ।

'उहाँ पहिले पनि तीनकुनेको विश्वशान्ति बिहारमा आइरहनु हुन्थ्यो, त्यसैले उहाँले मलाई म पढ्न सक्छु कि सक्दिनँ भनेर सोध्नुभएको थियो', एकेडेमीका प्राचार्य शाक्य भन्छन्, 'बौद्ध दर्शन अध्ययनमा उहाँको असाध्यै रुचि देखेको थिएँ, मैले मजाले पढ्न सक्नुहुन्छ, तपाईंको उमेरका मान्छेहरु पनि पढिरहेको हुन्छन् भनेर प्रोत्साहित गरेँ ।' खनाल पनि उमेरले साढे ७ दशक पार गर्दै गरेको समयमा अध्ययन गर्दा आफूलाई अनुशासनमा राख्न नसके पूरा गाह्रो हुने निष्कर्षमा थिए ।

'त्यसैले मैले सोचेँ - विश्व विद्यालयकै कोर्समा गएँ भने म अनुशासनमा बस्न पनि बाध्य हुन्छु र मैले अध्ययनमा बढी ध्यान केन्द्रीत गर्न पाउँछु', पूर्वप्रधानमन्त्री खनालले संचारकर्मीसँग सुनाए, 'त्यसैले म यो उमेरमा औपचारिक शिक्षा लिने निर्णयमा पुगेको थिएँ ।'

**त्यो बेलाको शिक्षा, यो बेलाको शिक्षा**

६ दशकअघि धुलौटोमा लेखेर खनालले कखरा सिकेका थिए । पछि आफैंले चक, डस्टर बोकेर धेरैलाई विज्ञान सिकाए । अहिले फेरि वर्षौंपछि आफैं औपचारिक शिक्षा लिँदा उनलाई शिक्षण-सिकाइमा ठूलो भिन्नता महसुस हुँदैछ । 'आकाश जमिनको फरक छ, त्यतिबेला पढेको, पढाएको जस्तो कहाँ हो र !', विगततिर फर्किँदै खनाल वर्तमानको अनुभव सुनाउँछन्, 'त्यतिबेला हामी कति अन्धकारमा थिएछौं, प्रविधिमा तीव्र विकास देखेको अहिलेको पुस्तालाई त्यसबेलाका कुराहरु कथा जस्ता लाग्छन् ।'

अहिले खनाल विगतमा औपचारिक शिक्षा लिँदा जस्तो नियमित कक्षामा पुग्नु पर्दैन । पाठ्यसामग्री नपाएर हैरानी खप्नुपर्दैन । उनी हरेक दिन बिहान ४ देखि ५ बजेभित्रै उठिसक्छन् । डल्लुस्थित घरमा भएका किताबहरु पढ्छन् । 'बिहानी मेरा लागि पढ्नलाई अत्यन्त जागरुक र ताजा समय हो', उनी थप्छन्, 'त्यसपछि ७ बजेदेखि ९ बजेसम्म पढ्नलाई म अनलाइन क्लासमा बस्छु ।'

निश्चित अवधिमा कलेजमै पनि उपस्थित हुनुपर्छ । उनी प्राय: कलेज पुगेकै हुन्छन् । स्वदेशमा हुँदा आफूले हम्मेसी कुनै दिन पनि कक्षा नछुटाउने उनी बताउँछन् । 'विदेशमा गएको छु भने पनि समय मिलेसम्म सकभर उपस्थिति जनाउने गरेको छु', खनाल भन्छन्, 'अहिले आर्टिफिसियल इन्टलिजेन्स (एआई) को समयमा अध्ययन गर्न थप सहज भएको छ ।'

एकेडेमीका प्राध्यापकहरुका अनुसार, पूर्वप्रधानमन्त्री खनाल स्वयम् नियमित कक्षामा उपस्थित हुन थालेपछि अरु विद्यार्थीहरु पनि उत्साहित हुने गरेका छन् । 'म ७५ माथि पुगेँ, मसँगै पढ्ने अरु साथीहरु यो उमेरको त हुनुहुन्न । अधिकांश युवा नै हुनुहुन्छ', खनाल भन्छन्, 'तर, मैले समेत अध्ययन गर्न थालेपछि साथीभाइ अझ धेरै प्रेरित भएको देख्छु ।' कतिपयले आफूलाई 'तपाईं समेत यसरी बुद्धिज्म पढेको देख्दा हामी पनि अभिप्रेरित भएका छौं' भन्ने गरेको उनी बताउँछन् ।

**राजनीतिक दलमा पठन संस्कृति**

अध्ययनले मानिसहरुका अनुभवलाई कारण र तथ्यसँग जोड्न सिकाउँछ । संस्कृतिमा एउटा उक्ति नै छ - विद्या ददाति विनयं (विद्याले विनम्रता दिन्छ) । दार्शनिकहरुले मानिसले ज्ञान खोज्न नछाडेसम्म उसको जीवनको अस्तित्व रहन्छ पनि भन्छन् । चिनियाँ दार्शनिक कन्फ्युसियसले भनेका छन्, 'यदी तिमी अध्ययन गर्छौं, सोच्दैनौं भने तिमी अलमिलिन्छौं, यदी तिमी सोच्छौं, तर अध्ययन गर्दैनौं भने तिमी ठूलो जोखिममा हुन्छौं ।'

खनाललाई पनि लाग्छ - कला, संस्कृति र साहित्यको अध्ययन नगर्ने मानिसहरुको जीवन बेरसिलो हुन्छ, मानवीय संवेदना कम हुन्छ । 'जतिबेला हामीले राजनीति सुरु गरेको थियौं, त्यतिबेला नेताहरुमा पढ्ने चलन एकदमै धेरै थियो, अझै पनि आम कार्यकर्तामा पढ्नुपर्छ भन्ने छ', उनी भन्छन्, 'तर, पार्टी पंक्तिलाई पाठ्यसामग्री दिनुपर्ने दायित्व बोकेको नेतृत्वले त्यो आवश्यकतालाई गहिराइबाट बुझेको छैन ।'

अन्य विषयको अध्ययनमा पनि अग्रसरता गराउनुपर्नेमा त्यो नभइरहेको खनालको बुझाइ छ । 'पहिले हामीमध्ये धेरैसँग उग्र वामपन्थी चिन्तनहरु थिए, बढी मात्रामा दक्षिणपन्थी चिन्तनविरुद्ध लड्दै थियौं', उनी समीक्षा गर्छन्, '२०३७ सालदेखि दुवैविरुद्ध लड्दै आयौं, ४० को दशकमा नेकपा मालेको नाममा आदर्श पार्टी गठन गर्‍यौं, जसको नीति, रणनीति, विदेश नीति सबै ठिक थियो, कार्यक्रम ठिक थियो । हामी त्यसबेला एक्दमै अध्ययन गर्थ्यौं ।' तर, २०४६ सालको परिवर्तनपछि अध्ययन गर्ने र आमजनतासँग घनिष्ट सम्बन्ध बनाउनुपर्ने विषयलाई नेताहरुले छाड्दै गएको उनको बुझाइ छ ।

'०४६ सालपछि विस्तारै बहुदलीय जनवादको हावामा पुग्यौं, त्यो हावाले नेपाली कम्युनिष्ट आन्दोलनलाई दक्षिणपन्थी अवसरवादतर्फ लगिदियो, विस्तारै उदार लोकतन्त्रको पुँजीवादी धारमा नेताहरु रंगमगिए', उनी भन्छन्, 'त्यसक्रममा उनीहरुले अध्ययनको शैली छाडिदिए, देश र जनतासँग समर्पित भएर लाग्नु मात्र एउटा प्रगतिशील राजनीति हो भन्ने कुरा बिर्सिदिए ।'

यो उमेरमा औपचारिक अध्ययनलाई फेरि सुरु गरेका खनाललाई अहिले अध्ययन गर्ने सिलसिला जिन्दगीको अविराम प्रवाह हो भन्ने लाग्छ । 'मानिसको जीवनमा ज्ञान प्राप्तिको कुनै सीमा हुँदैन, उमेरले त्यसमा कुनै अर्थ राख्दैन', खनाल निष्कर्ष पेश गर्छन्, 'तिनै विगत र वर्तमानका ज्ञान प्राप्त गरेर त्यसको आधारमा हामीले भविष्य कता जान सक्छ भन्ने आँकलन गर्नुपर्छ र समाजलाई अघि बढाउनुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'जनै हराएको बाहुन'मा भित्रिए गौरव र रियर



काठमाडौं/निर्माणको तयारीमा रहेको फिल्म 'जनै हराएको बाहुन'मा कलाकारको रोचक 'लाइनअप' तयार हुने क्रम जारी छ । केही दिनअघि अभिनेताद्वय विजय बराल र मनिष राउतलाई मुख्य भूमिकामा अनुबन्धित गरिएको थियो । अब फिल्ममा थप दुईजना कलाकार जोडिएका छन् । 'साइँली' फेम्ड अभिनेता गौरव पहाडी र 'खजुरे ब्रो' फेम्ड अभिनेता रियर राईलाई निर्माताले अनुबन्ध गरेका हुन् ।

हिमाल न्यौपानेको डेब्यु निर्देशनमा बन्न लागेको फिल्ममा भानुभक्त ढकालको लेखन छ । फिल्मले गाउँबाट आफ्नो सपना पूरा गर्न सहर पुगेका एक सरल व्यक्तिले भोग्नुपरेका अनपेक्षित परिस्थिति र त्यसले उनको जीवनमा ल्याएको परिवर्तनलाई केन्द्रमा राख्नेछ । पेपरक्लिप प्रालिको ब्यानरमा निर्माण हुने फिल्मको एसोसियट निर्देशकमा मनिष राउत छन् ।

फिल्मको निर्मातामा सिआर बस्नेत, कमल न्यौपाने, आर.के. मानन्धर, विमल न्यौपाने, फिलिप डिसी र निशान्त श्रेष्ठ रहेका छन् । नवीन गुरुङले फिल्म खिच्नेछन् । क्रियटिभ निर्देशक सम्राट महर्जन 'ज्याक' हुन् । गीतमा अर्जुन पोखरेलको संगीत रहनेछ । यो वर्षको अन्त्यसम्म छायांकनको तयारी गरिएको फिल्मलाई २०८२ सालमा प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।

केही दिनअघि फिल्मको थिम भिडियो सार्वजनिक गर्दै कथावस्तुबारे प्रकाश पारिएको थियो । जसमा गाउँका दुई साथीमध्ये एकले गाउँ छाडेर सहर हिँड्ने बेलामा साथीसँग गरेको बिदाइको संवाद छ । उक्त भिडियोमार्फत निर्माताले एउटा अफर समेत घोषणा गरेका छन् । थिममा रहेको गीत गाएर टिकटकमा पोस्ट गर्नेमध्ये सुमधुर स्वर हुनेलाई गीत गाउन अवसर दिइने जनाइएको छ ।

# खेम सेन्चुरीले साइन् गरे 'ए मेरो हजुर ५', फिल्ममा डेब्यु पक्का

काठमाडौं/अहिलेका चर्चित संगीतकार खेम सेन्चुरीले नेपाली फिल्ममा डेब्यु गर्ने पक्का भएको छ । संगीतकारको रुपमा शनिबार उनले आगामी फिल्म 'ए मेरो हजुर ५' साइन गरे । निर्माता कम्पनी सुहाना इन्टरटेनमेन्टका लागि निर्माता सुनिल कुमार थापा र निर्देशक झरना थापासँग उनले लिखित सहमति गरेका छन् ।



सामाजिक संजालमा यसबारे जानकारी दिँदै उनले लेखेका छन्, 'जीवनमा सबैखाले चुनौती स्वीकार गर्दै अघि बढियो । यो क्रम जारी नै छ । फलको आशा नराखी कर्ममा विश्वास गर्दा यहाँहरुको अपार मायाले एकपछि अर्को सिँढी उक्लने प्रयास गर्दैछु । मेरो सांगीतिक जीवन पहिलो पटक नेपाली चलचित्रसँग पनि जोडिने भएको छ ।'

उनी अघि लेख्छन्- सुपरिचित र सशक्त ब्यानर 'सुहाना इन्टरटेन्टमेन्ट'को निर्माणमा बन्ने नेपाली कथानक चलचित्र 'ए मेरो हजुर ५'का लागि सांगीतिक सहकार्य गर्दैछु । आशा छ माया गरिदिनुहुनेछ । यो अवसर प्रदान गर्नुहुने आदरणीय व्यक्तित्वहरू निर्देशक एवम् मलाई मनपर्ने नायिका झरना थापाज्यू र निर्माता सुनिलकुमार थापाज्यू प्रति हार्दिक नमन व्यक्त गर्दछु ।'

नेपाली लोकसंगीत क्षेत्रका चर्चित संगीतकार सेन्चुरीले पछिल्लो समय एकपछि अर्को ब्लकबस्टर गीतहरू पस्किएका छन् । उनको पछिल्लो कम्पोज 'म त ढलेँ ढलेँ' यसवर्ष धेरै सुनिएको गीतमध्ये एक हो । शनिबार मात्रै उनको गीत 'अरेली काँडैले मलाई च्वास्स' पहिलोपटक १० करोड भ्यूज पाउने लोकगीत बनेको छ ।

प्रसारण भैरहेको 'द भ्वाइस अफ नेपाल'को कोचमा समेत उनी छन् । यसकारण, सेन्चुरीका लागि यसवर्ष निकै उत्साहजनक पक्का देखिएको छ ।

# 'अच्छा लिकिन लण्डनको चिसोले समाउला' : राजेश र नीतिको छमछमी

काठमाडौं/कुनैबेलाको चर्चित गीत 'अच्छा लिकिन लण्डनको चिसोले समाउला' पुन: फिल्ममा फर्किने निश्चित भएको छ । काठमाडौंबाट केही परको दूरीमा पर्ने आकर्षक थलो जरसिंह पौवामा ४ दिन लगाएर गीत छायांकन गरिएको छ ।



छायांकनरत फिल्म 'नरसिंहा अवतार'ले यो गीतलाई पुन: दर्शकमाझ ल्याउन लागेको हो । यसअघिको फिल्म 'दैव संजोग'मा समावेश यो गीतलाई पुन: रेकर्ड गरेर ल्याउन लागिएको हो । यसअघि शम्भुजित बासकोटा र देविका बन्दनाको स्वरमा रेकर्ड भएको थियो ।

नयाँ भर्सनमा भने बासकोटा र रचना रिमालले स्वर दिएका छन् । जरसिंह पौवाको डाँडोमा भव्य सेट बनाएर फिल्म खिच्न मात्रै १५ लाख रुपैयाँ खर्च भएको निर्देशक दिवाकर भट्टराईले बताए । यो गीतमा राजेश हमाल, राज कटुवाल, नीति शाह, सनिशा भट्टराई, सरोज खनाल र उषा खड्गीले छमछमी नाचेका छन् ।

गीतमा कविराज गहतराजको कोरियोग्राफी छ । सयभन्दा धेरै कोरस डान्सर र दर्शक राखेर खिचिएको गीतमा कलाकारको गेटअप पनि आकर्षक देखिएको छ । यो गीतमा अभिनेता हमालले पनि छमछमी नाचे । 'म नाच्न चाहिँ भयंकर जान्ने हो, तर आँगन टेडो छ हेर्नोस न' हमालले ठट्टा गर्दै भने ।

यो फिल्मबाट हमाल ८ वर्षपछि फर्किँदैछन् । यो फिल्ममा ३ दशकपछि राजेश र सरोज सहकार्य गर्दैछन् । छायांकन थलोमा मिडियासँग कुरा गर्दै कलाकारले उत्साह व्यक्त गरे । उनीहरूले कथा नखुलाएपनि फिल्मले दर्शकको मन जित्ने आशा व्यक्त गरे ।

# प्रकृति, मानव सृष्टि...

अहिलेको समाजमा सबभन्दा धेरै महत्त्वपूर्ण समस्या भनेकै जलवायु परिवर्तन र यसको मानव, जीवजन्तु, बोटबिरुवा, वायु, तापक्रम वृद्धिमा देखिएको असन्तुलन नै हो । अहिले मानिसले पृथ्वीको स्रोत र साधनको यति धेरै दोहन गरिरहेका छन् कि जसले गम्भीर वातावरणीय, पारिस्थितिक प्रणाली र मानवको अस्तित्वमै संकट पैदा गरेको छ । तैपनि धनी राष्ट्रका नेता, पुँजीपति वर्ग र नीति-निर्मातामा अझै चेत फिरेको देखिँदैन ।

**ङ) संरक्षण प्रयास**

वातावरणीय चुनौतीहरूको प्रतिक्रियामा, धेरै व्यक्ति र संस्थाहरूले प्राकृतिक वासस्थानहरूको संरक्षण र पुनर्स्थापनाका लागि वकालत गर्छन् । यसमा लोपोन्मुख प्रजातिहरूको संरक्षण, इकोसिस्टम पुनर्स्थापना र दिगो स्रोत व्यवस्थापनलाई प्रवर्द्धन गर्ने प्रयास समावेश हुन्छन् । नेपालजस्तो मुलुकका जनताले समुदायकै प्रयासमा वातावरण संरक्षण गर्ने धेरै राम्रा काम गरेका छन् र नेपालको सामुदायिक वन व्यवस्थापन संसारमै उदाहरणको रूपमा लिने गरिन्छ ।

**च) वैज्ञानिक समझ**

मानव जीवविज्ञान, पारिस्थितिकी र भूगर्भ विज्ञानसहित विभिन्न वैज्ञानिक विषयमार्फत प्रकृति अध्ययन गरिन्छ । यो बुझाइले संरक्षण प्रयासलाई सूचित गर्दछ र प्राकृतिक संसारसँग सहअस्तित्व गर्ने मानिसको क्षमतालाई बढाउँछ । अझै वैज्ञानिकहरूले स्थानीय समुदाय, गरिब मुलुकका जनता, आदिवासी, नीति-निर्माताहरू, राजनीतिक नेता, सामुदायिक अभियन्ताहरूसँग मिलेर प्रकृति संरक्षणसम्बन्धी अध्ययन, अनुसन्धान र अन्तर्राष्ट्रिय संस्थाहरू विश्व बैंक, एसियाली बैंक, संयुक्त राष्ट्र संघ आदि संस्थाहरूमा पैरवी गर्नुपर्ने देखिन्छ ।

**संरसंक्षेप**

सम्पूर्ण प्रकृति पञ्चतत्त्व (पृथ्वी, जल, अग्नि, वायु र आकाश)को संयोजनबाट निर्माण भएको छ । मानिस पनि पञ्चतत्त्वबाटै बनेको हो । मानव र प्रकृति बिचको सम्बन्ध महत्त्वपूर्ण र गतिशील छ ।

हामीले आधुनिक संसारका चुनौतीहरू 'नेभिगेट' गर्न जारी राख्दा यस सम्बन्धलाई बुझ्न र सम्मान गर्नु हाम्रो ग्रह र भावी पुस्ता दुवैको स्वास्थ्यका लागि महत्त्वपूर्ण छ । मानव जीवनका आधारभूत आवश्यकता गाँस, बास र कपास पनि प्रकृतिबाट नै प्राप्त हुन्छन् । मानव जीवनको सबैभन्दा ठुलो धन स्वास्थ्य त पूर्णरूपले प्रकृतिसँग सम्बन्धित रहन्छ । मानव र प्रकृतिसँगको सम्बन्धमा कुनै पनि रूपमा असन्तुलन आएमा त्यसले मानवमा रोग, सन्ताप, भय, अभाव, शोक (लोभ, मोह, अहंकार, काम, क्रोध) एवं विनाश निम्त्याउँछ ।

वैज्ञानिक रूपमा मानिस र प्रकृतिको घनिष्ठ सम्बन्ध छ, जसमा असन्तुलन आए प्रणाली बिग्रन्छ र अन्तत: मानवमा रोग उत्पन्न हुन्छ र विपत्ति आइलाग्छ । प्रकृतिको सेवा गरी, प्रकृतिको प्रभाव अनुसार सन्तुलित सम्बन्ध कायम गरी अग्रगामी ढङ्गबाट प्राकृतिक जीवनशैली यापन गर्नुमा नै मानवको विवेकशीलता झल्किन्छ र स्वस्थ एवं सम्यक् जीवन बाँच्न सम्भव हुन्छ ।

*(साभार: रातोपाटी)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ७ कारण जसले २७ वर्षपछि दिल्लीमा भाजपालाई सरकारमा फर्कायो





काठमाडौं, २६ माघ/भारतको निर्वाचन आयोगका अनुसार ७० सिटका लागि भएको दिल्लीको विधानसभा चुनावमा भारतीय जनता पार्टी (भाजपा)ले ४८ सिट जित्दा आम जनता पार्टी (आप) ले २२ सिट जितेको छ । निर्वाचनमा आपका संयोजक तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल स्वयं चुनावमा पराजित भएका छन् । उनी तीनपटकसम्म लगातार दिल्लीको मुख्यमन्त्री भइसकेका छन् । सँगै पार्टीका शीर्ष नेता एवं उपमुख्यमन्त्री मनिष सिसोदियाले पनि चुनाव हारेका छन् । यो चुनावी नतिजासँगै १२ वर्षपछि आप सरकारबाट बाहिरिएको छ भने २७ वर्षपछि भाजपा दिल्ली सरकारमा फर्कने भएको छ ।

कतिपयले दिल्लीमा आप र कांग्रेसबीचको लडाइँको फाइदा भाजपाले उठाएको विश्लेषण गरिरहेका छन् । द वायरमा अंकित राजले आपको पराजयको पछि संस्थापन विरोधी भावना, नागरिक सामु गरेका प्रतिबद्धता पूरा गर्न नसक्नु, कांग्रेससँगको मतभेद र इन्डिया गठबन्धको विफलतालाई प्रमुख कारण भनेका छन् ।

### १. चौतर्फी हमलाको निशानामा केजरीवाल

चुनावको क्रममा भाजपाले सबै शक्ति आपविरुद्ध लगाउने नै भयो । दुवै पार्टीका लागि यो प्रतिष्ठाको लडाइँ थियो । नरेन्द्र मोदी र अमित शाह धेरै चुनावी सभाहरूमा देखिए । संघीय राजधानीमा चुनौती दिएको मात्र होइन, राष्ट्रिय राजनीतिमा पनि मोदीविरुद्ध बोल्ने सक्ने नेताको रूपमा केजरीवालले छवि बनाइरहेका थिए । यस्तोमा भाजपाले साम, दाम, दण्ड, भेद सबै अस्त्र प्रयोग गर्न भइहाल्यो । संघसरकारको निशानामा पर्दा केजरीवाल १७७ दिन जेल नै बसे । बीजेपीले चुनावी अभियानमा यसलाई मुद्दा नै बनायो ।

रोचक त के थियो भने भाजपाकै शैलीमा राहुल गान्धी पनि केजरीवालविरुद्ध निशाना साधिरहेका थिए । उनी भनिरहेका थिए, 'मोदी र केजरीवालमा केही फरक छैन, यिनीहरू एक सिक्काका दुई पाटा हुन् ।' चुनाव नजिकिएसँगै त दुई दलले आफूहरू एकै गठबन्धनमा छौं भन्ने पनि बिर्सिएर अभिव्यक्ति दिन थाले । र, कांग्रेसले आपविरुद्ध भाजपा जत्तिकै दूरी बनाएर आलोचना गर्न थाल्यो । "केजरीवाल र प्रधानमन्त्री मोदीबीच केही अन्तर छैन, किनकि दुवै झूटा वाधा गर्छन्,' चुनावी भाषणमा राहुलले प्रयोग गर्ने भाषाले आपर कांग्रेसबीच चिसिएको सम्बन्धको अवस्था बताउँछ । कांग्रेसले आपका शीर्ष नेता उठेको ठाउँमा बलिया उम्मेदवार मात्र उठाएन, भाजपा जस्तै चर्को गरी केजरीवाल र आपका अरु नेताहरूलाई भ्रष्टाचारी करार गर्न मेहनत गऱ्यो ।

दिल्लीमा आप र कांग्रेसले सहकार्य नगर्ने निश्चित भएपछि इन्डिया गठबन्धनका अरू दलहरू पनि तितरबितर हुने अवस्था बन्यो । इन्डिया गठबन्धनका साझेदारमध्येका प्रमुख दुई कांग्रेस र आपबीचको बढ्दो मतभेदसँगै गठबन्धन कमजोर बन्नुको मूल्य पनि आपले चुक्ता गर्नुपऱ्यो । राहुलले आप सरकार समावेशिताविरुद्ध उभिएको बताइर हँदा जवाफमा केजरीवालले कांग्रेस र भाजपाबीच केही सम्झौता भएको हुनसक्ने भाषण दिए ।

द वायरमा अंकित राज लेख्छन्, 'रक्सी घोटालाको आरोपमा जेल जानु, हिन्दुत्वको राजनीतिमा हात हाल्नु, मुस्लिम समुदायको पक्षमा खुलेर नबोल्नाले पहिले नै केजरीवालको पार्टीलाई नोक्सान पुगिरहेको थियो। कांग्रेसको हमलाले यो घाउ अझै गहिरो बनायो ।' इन्डिया गठबन्धनको सहयोगी दल शिवसेनाका नेता सञ्जय राउत यसमा सहमत छन् । आप र कांग्रेस मिलेर चुनाव लडेको भय नतिजा अर्कै आउन सक्ने उनी बताउँछन् । राउतले भने, 'यदि कांग्रेस र आप सँगै भएका भए नतिजा फरक हुन सक्थ्यो... आप र कांग्रेस दुवैको राजनीतिक प्रतिस्पर्धी भाजपा हो। दुवैले भाजपालाई सत्तामा आउन रोक्नका लागि संघर्ष गरे, तर उनीहरू अलग-अलग लडे। यदि उनीहरू सँगै भएका भए, मतगणनाको पहिलो घन्टामै भाजपा पराजित हुने निश्चित हुन्थ्यो।'

मार्क्सवादी पार्टीले कांग्रेसले दिल्लीमा भाजपालाई जिताउन भूमिका खेलको आरोप समेत लगाउन भ्याएको छ । उनीहरूको तर्क छ, 'नतिजाहरूले पुष्टि गरि सकेको छ कि इन्डिया गठबन्धन मिलेर चुनाव लड्यो भने भाजपालाई सत्तामा आउनबाट रोक्न सक्छ ।' सीपीआई नेता केडी राजा यस्ता मतभेदका लागि कांग्रेसलाई दोषी ठहऱ्याउँदै भन्छन्, 'यो इन्डिया गठबन्धनका दलहरूको कारण हो । अझ कांग्रेसले त गम्भीर आत्मनिरीक्षण गर्नुपर्छ ।' २२ सिट जितेको आपले अधिकांश सिट मुस्लिम बाहुल्य निर्वाचन क्षेत्रबाट जितेको छ तर गत चुनावमा भन्दा यहाँबाट भाजपाले २ सिट आपबाट खोसेको छ ।

नतिजा हेर्दा कस्तो देखिन्छ भने कांग्रेस दिल्लीमा शून्य थियो, शून्य मै रह्यो । तर आपसँग मिलेको अवस्थामा उसले केही सिट जित्न सक्थ्यो भने आम आदमीले १४ सिट बढाउन सक्थ्यो । किनकि आपले हारेको १४ सिटमा कांग्रेसले पाएको मत जोड्दा जित्ने अवस्था रहेको मतपरिणामले देखाउँछ । कांग्रेस र आप मिल्दा दिल्लीमा यो गठबन्धनको ३७ सिट हुनसक्थ्यो । जबकि दिल्लीमा सरकार बनाउन ३६ सिट चाहिन्छ । भारतीय सञ्चार माध्यम भास्कर दैनिकसँग कुरा गर्दै राजनीतिक विश्लेषक संजय कुमार भन्छन्, 'कांग्रेस र आप मिल्न सकेको भए दिल्लीको नतिजा अर्कै हुन्थ्यो ।' भारतीय सञ्चार माध्यमले यो पराजयको प्रमुख कारण कांग्रेस र आपको बढ्दो दूरीलाई भनेका छन् ।

भारतका कतिपय राजनीतिक विश्लेषकहरूले इन्डिया गठबन्धनमा रहेका आप र कांग्रेस मिलेर चुनाव लड्न सक्दा दिल्लीमा बिजेपी यसरी अगाडि आउन नसक्ने विश्लेषण गरिरहेका छन् । थोरै मतका कारण भाजपाका उम्मेदवारले जितेका धेरै उदाहरण छन् । जस्तो कि आपका नेता मनिष सिसोदिया ६७५ मतले पराजित हुँदा कांग्रेस उम्मेदवार फरहाद सूरीले ७ हजार ३५० मत ल्याएका छन् ।

### २. सुशासनको नारा, भ्रष्टचारको आरोप

लगातार एक दशक सत्तामा रहँदा दिल्लीमा आप संस्थापन बन्यो र संस्थापनविरोधी मत बिस्तारै बलियो बन्दै गइरहेको थियो । भाजपा नेतृत्वको राजनीतिक/प्रशासनिक संयन्त्रबाट गौंडा गौंडामा अवरोध व्यहोर्नु परेकै थियो जसले मतदातासामू गरेका बाचा पूरा गर्न आप सफल हुन सकेन । विभिन्न आरोपमा शीर्ष नेतृत्व नै जेल जानु परेपछि नैतिक धरातल पनि कमजोर बन्न थाल्यो । केजरीवालमाथि सरकारी भवन पुनर्निर्माणमा ४५ करोड भारु खर्चिएको विषय विपक्षीले जोडतोडका साथ उठाए । मोदीले यसलाई शीशमहल भने र राहुल गान्धी लगायत कांग्रेसीहरूले पनि भाजपालाई बल दिनेगरी अभिव्यक्ति दिए ।

चुनावी नतिजापछि भारतका चर्चित सामाजिक अभियन्ता अन्ना हजारेले भने, 'मैले पहिले नै भनेको थिएँ कि चुनाव लड्ने उम्मेदवारको आचरण शुद्ध हुनु आवश्यक छ, विचार शुद्ध हुनुपर्छ, जीवन निष्कलंक हुनुपर्छ र, अपमान सहन सक्ने क्षमता हुनुपर्छ। यदि यी गुणहरू उम्मेदवारमा छन् भने मतदातालाई यो व्यक्ति जनताको लागि केही गर्नेछ भन्ने विश्वास हुन्छ ।' हजारेको आन्दोलनको जगमा बनेको पार्टी र नेतृत्वमाथि उनी आफैंले प्रश्न उठाउन सक्ने गरी वातावरण बन्यो । केही भाजपाले बनायो भन्न सकिएला, तर आप नेतृत्वले पनि यो वातावरण बनाए ।

विपक्षीहरूले यसबीचमा केजरीवालको सम्पत्ति ४० गुनाले बढेको आरोप लगाए र यसलाई चुनावी मुद्दा नै बनाए ।

### ३. मोदी भर्सेज केजरीवाल

गत चुनावमा भाजपालाई एकल बहुमत पाउनबाट रोकेको इन्डिया गठबन्धनको एकता चर्किंदा भाजपाले फाइदा उठाएको भारतीय विश्लेषकहरूको विश्लेषण कमजोर देखिन्न । यही परिदृश्यमा केजरीवाललाई रोक्न नसक्दा मोदीले निकै चुनौती व्यहोर्नुपर्ने हुनसक्थ्यो । गत निर्वाचनको परिणामले यो देखाइसकेको थियो । त्यसैले पछिल्ला दिनहरूमा मोदी र सिंगो भाजपाको निशाना केजरीवालतिर सोझियो । यसपटक दिल्ली चुनावमा त मोदी भर्सेज केजरीवाल जस्तो देखियो । मोदीले यो चुनावको लागि प्रशस्तै समय दिए र आफ्नै नाममा मत मागे ।

उनले भने, 'कृपया, मलाई दिल्लीमा जनताको सेवा गर्ने अवसर दिनुहोस् ।' भारतीय सञ्चार माध्यमका अनुसार मोदीले ५ वटा ऱ्यालीमा २० पटक कांग्रेस र १७८ पटक आपको नाम लिए । आफू निर्विकल्प बन्ने बाटोमा तगारो बन्ने तीव्र सम्भावना बोकेका केजरीवाललाई कमजोर बनाउने चाहनाको व्यवहारिक रुपान्तरणमा मोदी मेहनतको नतिजा पनि हो- आम आदमीको यो पराजय ।

### ४. मूल नेतृत्वमाथि हमला

केजरीवालमाथि अनेकौं आरोप मात्र होइन, १७७ दिनसम्म जेल राख्ने रणनीतिमा भाजपा नेतृत्वको सरकार खुलेरै लाग्यो । कानुनी, राजनीतिक, नैतिक लगायतका सबै हमला केजरीवालतिर केन्द्रित भयो । आपका कैयौं शीर्ष नेतालाई जेलमा राखियो । दिल्ली विधानसभा नजिकिँदै जाँदा यो रणनीतिले थप आक्रामकता पायो । मूल नेतृत्वलाई घेरेर हमला गर्ने र कमजोर बनाउने भाजपा रणनीति यसअघि पनि केजरीवाल र राहुल गान्धीका विरुद्ध अपनाइएको थियो ।

यही क्रममा प्रवेश शर्मालाई भाजपाले मुख्यमन्त्रीको रूपमा अगाडि सात्यो । उनी दिल्लीका पूर्वमुख्यमन्त्री साहिब सिंह वर्माका छोरा हुन् भने भाजपाका शक्तिशाली अनुहार पनि । कतिसम्म भने, भारतीय सञ्चार माध्यमहरूका अनुसार उनलाई लोकसभा निर्वाचनमा टिकट नदिएर दिल्लीमा केजरीवाल विरुद्ध भिडाउनकै लागि तयार राखियो ।

### ५. बहुसंख्यक मध्यम वर्गको मतमा मेहनत

हामी सबैले समाचार सुन्यौं, दिल्लीको चुनावभन्दा ३ दिनअघि १२ लाखसम्म आयकर नि:शुल्क गर्ने घोषणा गरियो । दिल्लीमा रहेका ६७ प्रतिशत मध्यम वर्गीय जनसंख्या केन्द्रित निर्णय थियो यो । भाजपाले यसको निकै प्रचार प्रसार पनि गऱ्यो । त्यसो त, भाजपाले यसपटक मध्यम वर्ग केन्द्रित चुनावी अभियान चलायो । लोककल्याणकारी नारा दिएर चुनावी नतिजामा उथुलपुथल ल्याएका केजरीवाललाई चुनौती दिन भाजपाले सोचिविचारी बनाएको रणनीति हो यो । मोदीले चुनावी ऱ्यालीमा भाषण नै गरे, 'भाजपा मध्यम वर्गलाई सम्मान दिने पार्टी हो । यसअघि बजेटले मध्यम वर्गलाई निद्रा नै पर्दैनथ्यो ।' योसँगै मध्यम वर्ग केन्द्रित अरु पनि घोषणा संघ सरकारले गरेको थियो । साथमा, कांग्रेसले पनि आपलाई चुनौती दिन घोषणापत्रमा लोककल्याणकारी कार्यक्रमलाई प्राथमिकतामा राख्यो । जसले आपको मत काट्न निकै काम गऱ्यो ।

(स्रोत: अनलाइनखबर)

# किन किशोरवयका छोराछोरी एक्लै बस्न रुचाउँछन् ?



केही दिनदेखि मैले छोरीसँग राम्रो समय बिताउन पाएकी थिइनँ । त्यसैले अलि असहज मान्दै म उनको कोठामा गएँ, भलाकुसारीका लागि । म चाहन्थें, उनीसँग केही बातचित गरौं । रमाइलो गरौं । उनको कुरा सुनौं । तर जसै म उनको कोठामा प्रवेश गरें उनी झर्किइन् । यसो भन्दै, 'मामु तपाईं किन यहाँ बसिर हनुभएको छ ? हजुर किन आफ्नो कोठामा जानुहुन्न ?' मेरो अपेक्षा विपरित उनले दिक्क मानिन् । छोरीको यस्तो व्यवहारले म एकछिन स्तब्ध भएँ ।

आफ्नी आमासँग बस्न वा कुरा गर्न उनलाई किन रुचि भएन ? किन मेरो उपस्थिति उनका लागि बोझिलो भयो ? मैले शान्त भावमा भनें, 'म तिमीसँग समय बिताउन आएकी ।' उसैगरी झर्किएर उनले भनिन्, 'म ध्यान केन्द्रित गर्ने कोसिस गरिरहेकी छु मामु । तपाईं आफ्नो कोठामा जानुहोस् ।' उसले त बुझ्न सकेकी छैन । तर, हामीबीच हरेक पल दूरी बढ्दै गएको छ ।

यो दृष्टान्तबाट के बुझ्न सकिन्छ भने आमाबुवा र बालबालिका बीचको सम्बन्ध सधैं उस्तै रहँदैन । त्यो समयसँगै क्रमिक रूपमा बदलिन्छ । तर, त्यो बदलावलाई हामी आत्मसात् गर्न सक्छौं त ? किनभने हामीले काखमा खेलाउँदै, स्तनपान गराउँदै, लाड-प्यार दिएर हुर्काएका बालबालिका पछि हामीसँग नै बस्न मान्दैनन् । खुलेर बातचित गर्न मान्दैनन् । किनभने किशोरवयमा प्रवेश गरेसँगै उनीहरू आफ्नो स्वतन्त्रता खोज्न थाल्छन् । आफ्नो सीमाहरू उल्लंघन गर्न थाल्छन् ।

हिजोका दिनहरूमा उनी मेरो काखमा लुटपुटिन आउँथिन् । मलाई अँगालेर स्नेहपूर्वक म्वाइँ खान्थिन् । मैले सुमसुम्याउँदा, स्पर्श गर्दा बेग्लै आनन्द अनुभूत गर्थिन् । बालसुलभ प्रश्नहरू गरेर मलाई व्यस्त बनाइरहन्थिन् । म घर फर्कंदा फुरुंग भएर मेरो नजिक आउँथिन् । अरू बेला त के, शौचालय जाँदासम्म म उनको आँखाबाट ओझेल हुनुहुँदैनथ्यो । म घरबाट निस्कने बेला उनी मेरो पछि लाग्थिन् ।

तर, आज उनको बानी-व्यवहार फरक भएको छ । कुनै सामाजिक कार्यक्रममा आफूसँगै लैजानका लागि उनलाई मैले केही हप्तादेखि मनाउनुपर्ने हुन्छ । मसँग घरबाहिर जानका लागि तयार हुँदै गर्दा म मनमनै प्रार्थना गरिरहेकी हुन्छु, 'उसको मेकअप र पहिरन सबै ठिकठाक मिलोस् ताकि ऊ हामीसँग खुसीसाथ जान सकोस् ।' 'तिमीलाई कस्तो छ ?' भन्ने प्रश्नमा उनको एउटै शब्दको जवाफ हुन्छ, 'ठीकै ।' छोरी यसरी बदलिंदै गएपछि उनका बुवाले घुमाउन लैजान थाले । खाना तथा नास्ताका लागि रेस्टुरेन्ट पुऱ्याए । त्यही मौकामा बुवाले छोरीसँग आमाको भूमिकाबारे कुरा गरे । उनको बदलिंदो व्यवहार र मनोविज्ञानबारे सोच्न प्रेरित गरे । छोरीसँगको संगतबाट बुवाले के थाहा पाए भने, छोरी जिम्मेवार बन्दै गएकी छे । ऊ अलि परिपक्व र अचम्मका कुरा गर्न थालेकी छे । घरका सानातिना कुरामा पनि उसले ध्यान दिन थालेकी छे ।

यो मेरो निम्ति एउटा पाठ थियो, आफ्नै छोराछोरीलाई बुझ्ने । मैले बुझें, 'किशोरवयका छोराछोरीलाई नियन्त्रण गर्ने भन्दा बुझ्न जरूरी छ ।' उदाहरणका लागि उनीहरूको लुगा छनोटमा 'मलाई तिमीले लगाएको लुगा मन पर्दैन' भन्नुको साटो उनीहरूको आत्म अभिव्यक्तिलाई बुझ्ने यत्न गर्नुपर्छ । किशोरवयका छोराछोरीहरू आफ्नो इच्छा अनुसार आफूलाई व्यक्त गर्न खोज्छन् । यस्तो अवस्थामा उनीहरूको मनोभावलाई बुझेर त्यही अनुरूप तपाईं-हामीले सहजकर्ताको भूमिका खेल्नुपर्ने हुन्छ ।

किशोरवयका छोराछोरी र आमाबुवाबीच मतान्तर हुनु, दूरी बढ्नु, रुचि र चाहनाहरू नमिल्नु अस्वाभाविक होइन । एक जैविक प्रक्रिया र प्रवृत्ति हो । किशोर चरणमा शारीरिक र भावनात्मक परिवर्तन तीव्र हुन थाल्छ । त्यसपछि उनीहरू त्यस्तै रहँदैनन्, जस्तो आमाबुवाले अपेक्षा गर्छन् । किशोर चरणका छोराछोरीहरू कुनै कुरामा चाँडै प्रतिक्रिया दिने, झर्कने, आमाबुवाबाट अलग बस्ने, घर बाहिरको साथीभाइ बनाउने गर्छन् । आफू परिपक्व हुँदै गएको कुरा उनीहरूले बोध गर्न थाल्छन् ।

म छोरीको कोठामा बस्न खोज्दा उनी झर्किएकी थिइन् र त्यसले मेरो मनमा चिसो पसेको थियो । किन उनी मसँग बस्न रुँचाइनन् ? किन मलाई निकाल्न खोजिन् ? यी प्रश्नहरूको जवाफ खोज्दै गर्दा मैले किशोरावयको मनोविज्ञानलाई राम्ररी बुझ्ने मौका पाएँ । केही समयपछि उनी शान्त भइन् र आफूले रुखो व्यवहार गरेको महसुस गरिन् । मैले पनि उनको गोपनीयतालाई सम्मान गर्नुपर्छ भन्ने बोध गरें ।

किशोरवयमा पुगेपछि छोराछोरी एक किसिमको दबाबमा हुन्छन्- पढाइको, परीक्षाको, करिअरको, मित्रताको, फेसनको, प्रविधिको । त्ससँगै शरीरमा हुने रसायनिक परिवर्तनले उनीहरूलाई चञ्चल र मूडी बनाइदिन्छ । उनीहरूको यस्तै स्थिति र मनोभावलाई बुझेर सौहार्दपूर्ण सम्बन्ध कायम राख्नु जरूरी हुन्छ ।

उनीहरूको मित्रता र सामाजिक जीवनमा ध्यान दिनुपर्छ । यसले विश्वासको बलियो वातावरण निर्माण हुन्छ । उनीहरू के चाहन्छन्, के रुचाउँछन्, के कुराले खुसी हुन्छन्, के कुराले रिसाउँछन् ? ध्यान दिनुपर्छ र त्यस अनुरूप आफ्नो व्यवहार परिवर्तन गर्नुपर्छ ।

पूर्वीय समाजमा एउटा प्रचलित भनाइ छ, 'सानो छँदा बच्चाको अभिभावक बन्नुहोस् र किशोरवयमा पुगेपछि साथी बन्नुहोस् ।' वास्तवमा किशोरवयका छोराछोरीका लागि हामी स्वयम् पनि साथी बन्ने हो । उनीहरूको कुरा सुन्ने हो । उनीहरूसँग रमाउने हो । यसो भन्दैमा उनीहरूलाई हरेक कुरामा स्वतन्त्रता वा छुट भने दिनुहुँदैन । केही कुरामा कडाइका साथ निगरानी र नियन्त्रण गर्न जरूरी हुन्छ ।


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | बिहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

नोट :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५१९६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२



## हार्दिक बधाई तथा शुभकामना



यस दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाका ऋण उपसमिति सदस्य **श्री लालबहादुर श्रेष्ठ** ज्यू, बागमती प्रदेश दुग्ध विकास बोर्डको दुग्धजन्य पशुपालन संचालक समिति सदस्यमा मनोनयन हुनुभएकोमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

डा. गणेश बल लामा (अध्यक्ष) एवम्

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**

हेटौंडा-२, मकवानपुर



|| बिशेष आकर्षण ||



हेटौंडा आईडल
Construction Expo-2

हेटौंडा आईडल

# CONSTRUCTION EXPO-2

## दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१



फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म

**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरूको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्सव ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि सचिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापखाना